साप्ताहिक

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

# गोरखा एक्सप्रेस

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४४ अंक ४६ २०८३ असार ९ गते मंगलबार (June 23, 2026) मूल्य रू. १०/-

## बालेनको भाषणपछि भ्रष्टहरू आतंकित

असार ७ गते, गाडी रोकिन्न भनेर प्रम बालेन साहले दिएको भाषण र सभापति रवि लामिछानेले भटाभट गोल हान्नोस्, मेरो खुट्टामा बल आइहाल्यो भने पनि बालेनकै खुट्टामा पास दिने जिम्मा मेरो भनेर छाती ठोकेपछि सम्पत्ति छानबिनदेखि भ्रष्टाचारका फाइल खुल्ने क्रम बढ्ने संकेत पाएका ०४६ सालपछिका भ्रष्टाचार गरेर अकूत सम्पत्ति जोडजाड गर्नेहरू आतंकित हुनपुगेका छन् ।

राहदानी प्रकरणदेखि आयल निगमको जग्गा खरिदमा स्वयम् अख्तियार प्रमुख राई फस्न पुगेका छन् भने पूर्व प्रम शेरबहादुर देउवा, डा.आरजु राणा फस्ने पक्की खबर सार्वजनिक भइरहेकै छन् । पतञ्जली र गिरिबन्धुको जग्गादेखि शेरा दरवार, बुढी गण्डकी, बालुवाटारको जग्गा प्रकरणमा को कति फस्ने हुन्, अनेक अनुमान हुनथालेको छ । प्रम बालेन साहले आफ्नो सुशासन कायम गर्ने र भ्रष्टाचारबिरोधी अभियान नरोकिने, अझ गतिमान हुने इसारा गरिसकेका छन् । स्रोतका अनुसार रातो पासपोर्ट र विदेशीलाई पासपोर्ट उपलव्ध गराउने, नागरिकलाई शरणार्थीका रूपमा बेच्नेहरू पनि छानबिनको दायरामा छिटै आउने भएका छन् ।

# संसदमा प्रश्न, जनतालाई जवाफ

## भारत, चीन आश्वस्त



परराष्ट्रमन्त्री शिशिर खनालले भारत र चीन दुबै देशका परराष्ट्रमन्त्रीद्वय एस जयशंकर र वाङ यीको निमन्त्रणामा भ्रमण गरेर रास्वपा सरकारको नीति, सिद्धान्त स्पष्ट पारेर आएपछि भारत र चीन दुबै नेपालसँग आश्वस्त भएका छन् । नयाँ सरकार के हो भन्ने संशय अब दुबै देशलाई हुनेछैन । रास्वपाको असार ७ मा उद्घाटन भएको अधिवेशनलाई शुभकामना पठाउनु संशय निवारणको सन्देश भएको अर्थ लगाइएको छ । दुबै ठूला देशले नेपालको बदलिएको राजनीतिलाई बुझ्न पाएका छन् । भारत र चीन दुबैले भूराजनीतिक सन्दर्भ बुझाएको र नेपालसँग सहकार्य बढाउन चाहेको भन्नु उपलब्धि हो ।

## सम्पत्तिको छानबिन



सम्पत्तिको विवरण निर्धक्क भएर बुझाउन छानबिन आयोगका अध्यक्ष राजेन्द्र कुमार भण्डारीले आह्वान गरेका छन् । बैध सम्पत्ति बुझाउन हिचकिचाउन पर्दैन भन्दै भण्डारीले भनेका छन्- कर्मचारीको तलब, भत्ता, बिदा, सञ्चय कोष, बीमा, उपचार खर्चजस्ता माध्यमबाट आर्जन सम्पत्ति तथा पैतृक सम्पत्तिका रूपमा रहेको जग्गाजमिन वैध सम्पत्ति हुन्, त्यो उल्लेख गर्न डराउन पर्दैन, जसले गलत आर्जन गरेको छ, त्यो मात्रै डराउने हो । गैरकानुनी कमाईको आधार हुँदैन, त्यस्तो धन कानुनी रूपमा दण्डनीय हुनेछ ।

स्मरणीय छ, २०४८ देखि २०८२ सालसम्मको कुनै समयावधिमा सार्वजनिक पदधारण गरेका व्यक्ति छानबिनको दायरामा छन् । पदीय दुरूपयोग गरी अस्वाभाविक आर्जन गरेको देखिए उजुरी गरी छानबिन प्रक्रियामा सहयोग गर्न आयोगले भनेको छ ।

बहुदल आएपछिका ३५ वर्ष २०६२-२०८२ र २०४८- २०६२ सम्म दुई चरणमा विभाजन गरी छानबिन सुरू भएका छन् । छानबिन सुरू भएपछि दायरामा परेकाहरू कहालिएका छन् ।







## मेरो राष्ट्रियतामा शंका गर्नु पर्दैन

असार ७ गते चितवनमा रास्वपाको पहिलो अधिवेशन सम्पन्न भएको छ । यो अधिवेशनभन्दा पनि सभापति रवि लामिछाने र प्रम बालेन साहले जे बोले त्यसले राजनीतिक र कूटनीतिक तरङ्ग उठाइदिएको छ ।

बालेन र रविवीच मित्रता छैन, यिनीहरू फुट्छन्, अब रवि प्रधानमन्त्री बन्न सक्छन्जस्ता अनेक चर्चा चर्काएका विपक्षीहरू महाधिवेशन मञ्चा दुबै एकसाथ प्रवेश गरेको, अङ्कमाल गरेको, दुबैले मिले घण्टी बजाएर उद्घाटन र समापन गरेको, दुबैले पटक पटक एकदोस्रालाई हेरेर मुस्कुराएको दृश्यले प्रम बालेन विरोधीहरू निराश भएका छन् । प्रधानमन्त्री कहाँ छन् ? भन्ने श्रम संस्कृति पार्टीका हर्क साम्पाङले निम्तो बहिष्कार गरे पनि कांग्रेसका सभापति गगन थापा, एमालेका तर्फबाट प्रदीप ज्ञवाली, नेकपाका तर्फबाट वर्षमान पुन, राप्रपाका तर्फबाट राजेन्द्र लिंगदेन, पूर्व प्रम बाबुराम भट्टराई, मधेस वादी पार्टीका सीके राउत, उपेन्द्र यादवहरू सहभागी भएका थिए ।

विपक्षी दलहरूले पाएको मतको सदुपयोग गर्न सुझाए, जनताले सुशासन-समृद्धि, सामाजिक सुरक्षा खोजिरहेको बताए । नेकपाले सामाजिक न्यायमा रास्वप अझ स्पष्ट हुनुपर्छ भन्यो । कांग्रेसका संसदीय दलका नेताले संसदमा अब बालेन साहलाई नखोज्ने भने पनि पार्टी सभापति गगन थापाले हात मिलाए, खुशी हुँदै बधाई दिए र विधि नमिचियोस् भनेर खबरदारी गरे । एमालेको उही पुरानै बिरोध स्वर सुनियो, विरोधकै वीच बधाई दिने काम पनि भयो । डा.बाबुराम भट्टराईले बैकल्पिक उपलब्धि हो रास्वपा, यो मौका नगुमोस् भनेका छन् । मूल विषयको उठान राप्रपाले गऱ्यो । आफ्नो पार्टीका कार्यकर्ता, मतदाताले समेत घण्टीमा भोट हालेर अपूर्व मौका दिएका छन् । बालेन ले राजा ल्याउँछ भनेर भोट दिएका हुन्, ती मतादातालाई पनि संवोधन गर्नुपर्छ भन्दै सुशासन कायम गर्ने ऐतिहासिक मौका पाएकोमा शुभकामना दिए ।

सबैको चासो थियो, प्रधानमन्त्री बालेन साहले के बोल्छन् भन्ने ।

जेठ १७ गते संसदमा प्रम बालेनले राष्ट्रघात गरे भन्दै चियाको कपमा आँधी ल्याउने जुन बिरोधको अभियान चलिरहेको छ, सबै प्रश्नको जवाफ जनताका सामु राखिदिएका छन् ।

प्रम बालेन साहले नबोलौं भन्छु, बोल्ने दिन आइहाल्छ भन्दै सबैमा नमस्कार गरे, त्यसपछि अगाडि बोले-

हामी हाम्रो छिमेकीसँग आफै कुरा गरेर मिलाउँछौं । लिपुलेक, लिम्पियाधुराका विषयमा हामीसँग प्रमाण छ । हामी ल्याउँछौं । यसमा आशंका मान्नुपर्दैन । मेरो राष्ट्रियताप्रति कुनै आशंका मान्नुपर्दैन। कसैले मान्नुपर्दैन ।

भारतसँग सीमा विवादको समाधानका लागि ब्रटिशले राज गर्दाको प्रमाण ल्याउनुपर्छ भने ल्याउँछौं भनेका हौं । ब्रिटिशलाई मध्यस्थकर्ता राख्न खोजेका होइनौं ।

प्रधानमन्त्री बालेन साहले भारत, चीन, बेलायतले समेत सुन्नेगरी संसदमा प्रतिपक्षीले गरेको बितण्डा, चर्को बिरोधको जनतालाई जवाफ दिएका हुन् ।

सरकारको तीब्र आलोचना भएको विषय हो, अख्तियारलाई बन्दी बनाएको किन ? यसबारे प्रधानमन्त्रीले प्रष्टै भनिदिएका छन्- अख्तियारलाई ५ घन्टा हैन, आवश्यक परे पाँचै वर्ष राखेर छलफल गर्छौं । सरकारको काम अलि बाहिरबाट हेर्दा अनियन्त्रित नै देखियो होला, तर सबै नियन्त्रणमै छ । अख्तियारलाई ५ घण्टा सोधपुछ गर्न पर्छ, सरसल्लाह लिन पर्छ भने ५ घण्टा मात्रै होइन, हामी ५ वर्ष नै गर्छौं । त्यसमा चिन्ता लिइराख्न पर्दैन । हाम्रो पार्टीले निहुँ खोज्नै परे कस्तो केशमा भने विगतमा फटाइँ भएको छ भने । सरकारी सम्पत्ति, रकमको दोहन भएको छ भने त्यहाँ निहुँ खोज्छौं । यस कामका लागि सामाजिक सञ्जालमा सरकार अनियन्त्रित देखिएको हुनसक्छ, नियम कानुनमा बसेरकै काम गर्छौं । नियम भन्दा बाहिर जाँदैनौं । अनियन्त्रित देखिएला । त्यो देखिएको मात्रै हो । आउट अफ कन्ट्रोल गएको छैन ।

सरकार भनेको गाडी जस्तै हो, गाडीमा एक्सिलेटर मात्र होइन, ब्रेक पनि हुन्छ र ब्रेक पनि लगाउनुपर्छ भनेर चिन्ता व्यक्त गर्नेहरूलाई प्रम बालेनले भने- हाम्रो गाडी अनियन्त्रित पनि छैन । वातावरण पनि मिलेरै गएको छ ।जुन चिन्ता व्यक्त गर्नुभएको छ, त्यसका लागि धेरै-धेरै धन्यवाद दिन चाहन्छु । चिन्ता लिनु राम्रो कुरा हो । सरकार अहिले एक्सप्रेस वेमा गति लिइरहेको गाडी हो । यो गाडी अब गन्तव्यमा पुगेर मात्रै रोकिने छ । रास्वपा स्पटलाइटमा नभई जनतालाई स्पटलाइटमा ल्याएको र पार्टी विकासवादी हो । पार्टीभित्र गुटबन्दी नगर्न आग्रह गर्दै सुशासन र समस्या समाधानमा पार्टीको ध्यान केन्द्रित छ ।

जनता र जनताको भोट भनेको हावा जस्तो हुन्छ, कहिले यताबाट चल्छ, कहिले उताबाट चल्छ भनेर पनि चिन्ता व्यक्त गरिएको छ । तर हामीले कुनै हावा चलाएका छैनौं । हामीले बाढी ल्याएर खोला फर्काएका हौं । र खोला एक चोटि आफ्नो सही बाटोमा फर्किएपछि निरन्तर त्यही बाटो बगिरहन्छ । यो हावा जस्तो कहिले बायाँ, कहिले दायाँ, कहिले उत्तर, दक्षिण, पूर्व वा पश्चिम बग्दैन ।

तर म यहाँ सबैलाई के भन्न चाहन्छु भने, हामी स्पटलाइटमा आएका होइनौं, हामीले जनतालाई स्पटलाइटमा ल्याएका हौं । हाम्रो सूर्य नेतामाथि मात्र चम्किँदैन, हाम्रो सूर्यले जनतालाई प्रकाशित गर्छ । प्रम बालेनले भनेकाछन्- सुशासन ल्याउँछौं भनेका छौं, सुशासनका एजेन्डा बोकेका छौं । हामी यही कार्यकालमा सुकुमबासी, सहकारी समस्या पनि समाधान गर्छौं ।

***हाम्रो सरकार गठबन्धनको सरकार होइन, एकल पार्टीको सरकार हो । र एकल पार्टीको सरकार हुँदा के बुझ्नुपर्छ भने हरेक मन्त्री प्रधानमन्त्री हो, हरेक सांसद प्रधानमन्त्री हो, हरेक पदाधिकारी प्रधानमन्त्री हो, हरेक केन्द्रीय सदस्य प्रधानमन्त्री हो, हरेक कार्यकर्ता प्रधानमन्त्री हो, हरेक आस्था राख्ने मान्छे प्रधानमन्त्री हो।***

प्रधानमन्त्री, रक्षा मन्त्री खोज्नेदेखि विपक्षी आक्रोशलाई समेत प्रम बालेनले मुखभरिको जवाफ दिएका छन् । विश्लेषकहरू भन्छन्- कम बोल्लान् तर सटिक बोल्छन्, जिम्मेवार बोल्छन् । पार्टीका बरिष्ठ नेता तथा प्रम बालेन साहको अभिव्यक्तिले रास्वपाका भुइँस्तरका कार्यकर्तासमेत पुलकित हुनपुगेका छन् । जनताप्रति जवाफदेही यस्तै हुनुपर्छ । प्रम बालेनले भनेका छन्- पार्टीलाई एक बनाइराख्नुपर्छ । आज, हामी पार्टीको बारेमा सोचौं, त्यसपछि पाँच वर्ष देशको बारेमा सोचौं । धेरै-धेरै धन्यवाद ।

राजनीतिमा परिवर्तन आएकै हो ।

त्यसपछि मुस्कुराउँदै पार्टी सभापतिले खुलेर बोल्दै प्रधानमन्त्री बालेन साहलाई आग्रह गरे- महाधिवेशनको उद्घाटन समारोहमा लामिछानेले सरकार सञ्चालनबारे चुनाव अघि नै सहमति भइसकेको छ, यसमा दायाँबायाँ हुन्न ।

सरकार सञ्चालन गर्नका निम्ति रास्वपाले चुनाव अघि नै बालेन्द्र शाहको खुट्टामा बल पुऱ्याएको छ । अब भटाभट गोल हान्ने जिम्मा प्रधानमन्त्री बालेन शाहको हो । झुक्किएर बल आएछ भने पनि त्यही खुट्टामा पास गर्ने जिम्मा मेरो ।

यहाँ मुख मिठ्याउने धेरै छन् । चुकुली लगाउने पनि धेरै छन् । म तिनलाई जवाफ दिन बोलिरहेको छैन । म त इतिहासलाई जवाफ दिन खडा भएको छु । आज जन्मेकाहरूले मात्र होइन, भोलि जन्मनेहरूले पनि मलाई र बालेनलाई प्रश्न गर्नेछन् । यो मौका किन गुमाउन दियौं । हामी त्यो प्रश्न भाँच्न चाहन्छौं । यो अवसरलाई सदुपयोग गर्न चाहन्छौं ।

सभापति लामिछानले बल पास गर्ने विषय उठान गर्दा प्रधानमन्त्री बालेन्द्र शाह खुलेर हाँसेका थिए । रास्वपाका कार्यकर्ताहरूले उठेर ताली बजाएर उच्च सम्मान प्रकट गरेका थिए ।

### *झन झन आक्रामक*

***रास्वपाको चितवन अधिवेशनमा जेजस्ता दृश्य देखिए, पूर्ण बहुमतको सरकारले जनतासँग गरेका वचतवद्धता र करारलाई पूरा गर्न अझ आक्रामक शैली अपनाउने संकेतहरू देखिएका छन् ।***

***हुनसक्छ, संसदमा पनि रास्वपाको कडिकडाउपन देखिनेछ । सुशासन कायम गराउन र सेवाग्राहीलाई सेवा प्रदान गर्ने तौरतरिकामा आएको परिवर्तनमा अझै सुधार हुनेछन् । कुनै पनि कर्मचारी, संवैधानिक निकायका प्रमुख वा जो कसैले सरकारलाई छल्ने, ढाँट्ने, लुट्ने काम गरेको थाहा पाउनासाथ कारवाही गर्ने फास्ट ट्र्याकको सञ्जाल भित्रभित्रै सकृय भइसकेको छ ।***

***व्यक्ति फेरिएको होइन, व्यवहार बदलिएको, पद्धति परिवर्तनमात्र होइन, ढाँचा मै नयाँपन दिन बालेन सरकार लागिपरेको आभाष देखिन्छ । प्रतिपक्षीहरू जे जसरी चुनावमा खुम्चिए, उनीहरूले बालेनलाई खोज्दिन भने पनि सबैको नजरमा पर्नेगरी काम गर्न कस्सिएका छन् । रास्वपा एकढिक्को हुँदा प्रतिपक्षीको सातो गएको छ ।***






## देशैभरि महिलालाई निशुल्क ब्लु बस

रास्वपा सरकारले देशका सातै प्रदेशमा महिलाहरूका लागि निशुल्क 'ब्लु बस' सञ्चालनको अन्तिम तैयारी गरेको छ । बालेन सरकारको सय दिने कार्यसूचीमा महिलाको सुरक्षित, सहज र सम्मानजनक आवागमन सुनिश्चित गर्ने योजना छ ।

कम्तिमा २५ वटा बस सञ्चालन हुनेछन्, राजधानीमा साझा यातायातसँग सहकार्यमा ७ थान र मोफसलमा यातायात व्यवसायीसँगको सहकार्यमा ७ वटा बस सञ्चालन हुनेछन् । बस सञ्चालनको कार्यविधि, समय तालिका सहितको प्रशासनिक तथा प्राविधिक तयारी भइरहेको मन्त्रालयले जनाउ दिएको छ ।

आधुनिक सबै प्रकारका प्रविधियुक्त ब्लु बस सेवा क्रमिक रूपमा बिस्तार गर्दै लगिने छन् । ब्लु बस सेवाले विशेष गरी विद्यार्थी, श्रमिक, कर्मचारी तथा महिलालाई सुरक्षित र सहज यात्राको वातावरण उपलब्ध हुने सरकारको अपेक्षा छ । ब्लु बसको सेवाले सार्वजनिक यातायातमा महिलामाथि हुने दुर्व्यवहार तथा असुरक्षाको अनुभूति न्यूनीकरण गर्नसमेत सहयोग पुग्ने सरकारले विश्वास गरेको छ ।

## चुरोट र चिनी कारखानालाई रूसले सघाउने





नवनियुक्त रूसी राजदूत महामहिम अलेक्सी भि सुरोभ्त्सेभले असार ३ गते उपराष्ट्रपति रामसहाय प्रसाद यादवलाई शिष्टाचार भेट गरेर जनकपुर चुरोट कारखान र वीरगञ्ज चिनी कारखानालाई सञ्चालनयोग्य बनाइदिने प्रस्ताव गरेका छन् । राजदूत अलेक्सीले रूस र नेपालवीच राजनीतिक तथा आर्थिक संवादलाई अझ सशक्त बनाउन सकिने अवसरहरूका विषय उठान गरेका छन् ।

सन २०२३ अप्रिल २१ मा रूसको भ्रमणमा गएका तत्कालीन राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनासँग रूसले नेपालमा प्रविधि, पूर्वाधारका ११ योजनामा सहयोग गर्न चाहेको प्रस्ताव नेपाल सरकारलाई पठाएको थियो । पश्चिमा र दक्षिणा प्रभावमा लठ्ठिएको तत्कालीन सरकारले रूसको सौहाद्र प्रस्तावलाई थन्क्यायो ।

स्मरणीय छ, नेपाल र तत्कालीन सोभियत संघसँग जुन ५-९ १९५६ मा कूटनीतिक सम्बन्ध कायम भएको थियो । सम्बन्ध स्थापित भएपछि केही आर्थिक, प्राविधिक सम्झौताहरू भएका थिए । त्यही सन्धिअनुसार नेपालको जलविद्युत स्टेशन, पावर लाइन, चिनी कारखाना, चुरोट कारखाना, राजमार्ग निर्माण, अस्पताल निर्माणमा रूसले उपहार र सद्भावका रूपमा सघाएको थियो । १९६४ मा रूस र नेपालवीच कृषि औजार कारखाना निशुल्क बनाइदिने सम्झौता पनि भएको थियो । सोभियत संघ विभिन्न देशका रूपमा टुक्रिए पनि रूस-नेपाल सम्बन्धको कूटनीतिक निरन्तरता कायमै रहेको छ । १९९२ देखि नेपाली विद्यार्थीहरूले रूसमा अध्ययन गर्ने क्रम पनि चलिरहेकै छ । रूसले छात्रबृत्ति दिइरहेकै छ । सन २००५ अक्टोबरमा नेपाल र रूसवीच विभिन्न क्षेत्रमा सहयोग र राजनीतिक, आर्थिक, सुरक्षा, कृषि, शिक्षा संष्कृतिलगायतका मुद्दाहरूमा विशेष छलफल भएको थियो । नेपाल र रूसको दूतावास एकदोस्रा मुलुकमा स्थापित छन् र सम्बन्धमा कुनै अड्चन देखिन्न ।

तर, नेपालमा दक्षिण र पश्चिमा प्रभाव बेसरी बढेको थियो कि नेपाल-रूसवीच सम्बन्ध चिसो बन्दैथ्यो । अहिले आएर नवनियुक्त राजदूत अलेक्सी भि सुरोभ्त्सेभले नेपालमा भएको राजनीतिक परिवर्तनलाई स्वागत गर्दै बालेन सरकारसँग सहकार्य अघि बढ्न सक्ने देखिन्छ । पुराना सरकारले बन्द गरेका रूसी उपहारमा स्थापित जनकपुर चुरोट कारखाना र वीरगञ्ज चिनी कारखाना सञ्चालनयोग्य बनाइदिन गरेको प्रस्ताव राम्रो अवसर हो । यी कारखाना सञ्चालन हुँदा आत्मनिर्भरता र रोजगारी पनि बढ्छ ।

# कानुनको दुरूपयोग र प्रजातन्त्रको अवमूल्यन


नारायण प्रसाद मिश्र

स्वामी, ज्ञानी, प्रबुद्ध भन्छन्- हिन्दुधर्म, क्रिस्चियन् धर्म, बौद्ध धर्म आदि जुनसुकै धर्म, संप्रदायको भएपनि शब्दको नाम मात्रले धर्मको अर्थ हुँदैन । धर्मले ब्याख्या गरेको उपदेश ब्यक्तिले धारण गरेपछि मात्र धर्म हुन्छ । स्वभाव, ब्यवहार, आचरण सही रूपमा धारण गर्नु मात्र धर्म हो । अन्यथा यो नामको हुन्छ, तर कामको हुँदैन।त्यस्तै प्रजातन्त्र भन्ने कुरा पनि शब्दको नाम मात्र जरूर प्रजातन्त्र होइन । स्वतन्त्रता, न्याय र समानताको आचरण विना शब्दको नाम मात्रले प्रजातन्त्रले कुनै अर्थ राख्तैन । बिवेकपूर्ण, न्यायपूर्ण कानूनी राज विना कुनै पनि मुलुकमा व्यवस्थाको नाम प्रजातन्त्र राख्तैमा प्रजातन्त्र हुँदैन । यो निश्चय छ ।

यसैले सही प्रजातन्त्र कार्यान्वयनको लागि बनाइने कानून पनि बिबेकपूर्ण, न्यायपूर्ण र पक्षपातरहित हुनुपर्छ । कुनै ब्यक्ति, समुह वा समुदायलाई लक्षित गरी आफनो निहित स्वार्थपूर्तिको लागि बनाइने कानूनलाई प्रजातान्त्रिक कानून भन्न सकिन्न । यस्तो कानून बनाई स्वार्थपूर्ति गर्ने सरकारलाई प्रजातान्त्रिक सरकार पनि भन्न मिल्दैन ।

कुनै पनि राष्ट्रमा रहेको निजामती, प्रहरी वा सैनिक सेवा त्यो राष्ट्रको मेरूदण्ड हुन्छ । सरकारको सही निर्देशन पालना गर्नु कुनै पनि सेवाको राष्ट्र सेवकको कर्तब्य हुन्छ । त्यस्तै आफूलाई ठीक नलागेको कुरामा प्रश्न उठाउनु पनि राष्ट्र सेवकको प्रशंसनीय कर्तब्यनै हुन्छ । देशको जिम्मेवार इमान्दार प्रजातान्त्रिक सरकारले यस किसिमका राष्ट्रसेवकको प्रशंसा गर्न सक्नु पर्दछ । यस किसिमका राष्ट्रसेवकलाई प्रोत्साहन दिन सक्नुपर्छ । यसैलाई आज्ञा पालन नगरेको वा सहयोग नगरेको गलत अर्थ लगाई राष्ट्र सेवकहरूलाई अवकाश दिने दुराशयले निजामती, प्रहरी वा सेनाको नियम कानून संशोधन गर्नु कुनै पनि किसिमले प्रजातान्त्रिक र सही भन्न सकिन्न । राष्ट्र सेवकको सेवा अवधि वा अवकाशको उमेर अवधि कुनै ब्यक्ति, पदाधिकारी वा दलको स्वार्थपूर्ति गर्ने बिषय बस्तु हुँदै होइन । यो छिन छिनमा अदल बदल गर्ने विषय पनि जरूर होइन । यो मुलुकको इतिहास, संस्कार, संस्कृति, त्यहाँ रहेका जनताको आयु, आर्थिक अवस्था, स्वास्थ्य स्थिति सबैको आधारमा युग युगान्तर सम्मको लागि बनाइने बिषय वस्तु भन्ने कुरा सवै राष्ट्रप्रेमीहरूले बुझ्नु पर्ने देखिन्छ ।

यसैले नेपालको संविधान, २०४७ मुलुकले पाएपछि नेपाली कांग्रेस पार्टीको नेता गिरिजा प्रसाद कोइराला सरकारले निजामती सेवा ऐन नियम नियमावली आफनो स्वार्थ सिद्धिको लागि आफू खुशी प्रयोग गरी वा संशोधन गरी तात्कालीन बहुसंख्यक अनुभवी इमान्दार राष्ट्रसेवकहरूलाई शत्रुनै ठानी जालसाझी तरिकाले अवकाश दिए । यो निन्दनीय अप्रजातान्त्रिक कामलाई कांग्रेसी चाणक्यहरूले महान कार्य भनी अझै वकालत गरिरहेका छन् । यही जुन १३ का दिन सुवास निरौला द्वारा लिखित मेरो लगानी.कम (https://merolagani.com/Services.aspx मा प्रकाशित सहयोग नगर्ने कर्मचारी संयन्त्र ढाल्ने पुरानै अस्त्र: २०४८ को गिरिजाबाबुको नजिर पछ्याउँदै वर्तमान सरकार शीर्षकको एक लेखले यो कुरा स्पष्ट गर्छ ।

यै गलत भनाइलाई सही मानी विना राम्रो अध्ययन, अनुसन्धान वर्तमान सरकार पनि कांग्रेसी सरकार जस्तै बनी उस्तै गलत काम गर्ने छैन भन्ने मैले आशा गरेको छु । यसको अर्थ सेवा अवधि वा अवकाश उमेर कहिल्यै पनि अदल बदल गर्न हुँदैन भन्ने भनाइ होइन । जे गर्ने हो मुलुकको दिगो हितको लागि राम्रो बिचार गरी कमसेकम ४।५ दशकसम्म अदल बदल गर्न नपर्ने गरी निजामती नियममा अवकाश उमेर र सेवा अवधि निर्धारण गर्न सक्नु पर्दछ । जो सरकार आयो उसले आफनो स्वार्थ सिद्धिको लागि मन नपर्ने केही पदाधिकारीलाई अवकाश दिने संकुचित विचार र धारणाले यस्तो काम हुँदै गयो भने यसले मुलुकलाई अधोगतिमा पुर्‍याउने निश्चित छ ।

narayanshanti70@gmail.com

# देशभक्तहरूको अभियान जारी छ





राष्ट्रिय समाज सुधार संस्थाले राजसंस्थाले माया पाण्डे, कृष्ण प्रासाईसहितका राष्ट्रबादीहरूको सहयोगमा मेचीदेखि महाकालीसम्म महेन्द्र राजमार्गको छेउ-छाउमा वृहत सचेतना कार्यक्रम प्रारम्भ गर्ने भएको छ । संस्थाले राष्ट्रवादी, सनातन धर्मवादी, राजावादी र देशभक्त नागरिकहरूलाई आ-आफ्नो पायक पर्ने स्थलमा साझा उद्देश्य प्राप्त गर्ने कार्यमा हातेमालो गर्न आव्हान गरेको छ ।

समाज सुधार संस्थाले कपिलवस्तु बहादुरगञ्जको शिव मन्दिरमा दिनेश कुमार लोहार दम्पत्तिले २०८३ जेष्ठ २१ गते देखि २९ गतेसम्म चलेको श्री श्री श्री १००८ रूद्र महायज्ञ धार्मिक अनुष्ठान कार्यक्रमले नेपाललाई सनातन धर्म र नेपालको पहिचान भनेको सनातन कालदेखि राजाको अधिनमा स्वाधिन रहँदै आएको राष्ट्रको पहिचान फर्काउने संकल्पका साथ पूर्णाहुती सम्पन्न भएको जनाउ दिएको छ ।

राष्ट्रिय समाज सुधार संस्थाले लामो समयदेखि देशव्यापी रूपमा हिन्दू अधिराज्य कायम गर । धर्म निरपेक्षता खारेज गर । अखण्ड नेपाल कायम गर । २०७२ सालको संविधान खारेज गर । २०४७ सालको संविधान संशोधन गर । संवैधानिक राजसंस्था कायम गर । जनता र राजा एक हौं । भन्ने जागरण चलाइरहेको छ ।

राष्ट्रिय समाजसुधार संस्थाले विभिन्न देशभक्तहरूसँग मिलेर उठाएँदै आएको आवाज भनेको- सुगौली सन्धिमा हरण गरिएका टिष्टा र काँगडासम्मको भू-भाग फिर्ता लिनु पर्ने अवस्थामा, सिंगो नेपाल माथी नै प्रहार गर्न खोजेर गरिएको षडयन्त्र पूर्ण सम्झौता भनेको सन् १९५० को सन्धि हो । सन्धि भनेको एकलौटी हुन सक्दैन । यस सन्धिका दफाहरू मध्ये दफा ४, ५, ६ र ७ लाई पूर्ण रूपमा खारेज गरिनु पर्दछ । जुन नेपालको सार्वभौमसत्ता र स्वतन्त्रताको प्रतिकुल छ । यो सन्धिको दफा १ अनुसार दफा ८ मा उल्लेखित भावना अनुसार सुगौली सन्धिमा नेपालका गुमेका भू-भागहरूबारे उदार नीति अपनाएर भारतले फिर्ता गर्नु पर्दथ्यो र पर्दछ ।

काग कराउँदैछ, पिना सुक्दैछ भनेझैं यस्ता आवाजहरू बहुदलपछि उठ्न सकेनन्, राजनीतिक परिवर्तन भएपछि व्यापक रूपमा उठ्न जरूरी देखिन्छ ।

# रास्वपाको महाधिवेशनमा देखिएको द्वन्द्व र भावि राजनीति


डा. केशव देवकोटा

सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टीको प्रथम महाधिवेशन चितवनको भारतपुरका जारी छ । गठन भएको करिव चारबर्षमै झण्डै दुई तिहाइ संख्याकासाथ सत्तामा पुगेको रास्वपाका कस्ता नीति र कार्यक्रमहरू आउँछन् ? नेपालको भाग्य र भबिश्यकाबारेमा सो पार्टीको शोच कस्तो छ ? भन्ने धेरैमा जिज्ञासा रहेको थियो । कतिपयले त रास्वपाले देशमा बिद्यमान संसदीय ब्यवस्थालाई नरूचाएको टिप्पणीगर्दै राजतन्त्र पुनस्थापना गराउन सक्नेसम्मको टिकाटिप्पणी पनि गरेका थिए । तर सो पार्टीको पहिलो महाधिवेशनको पहिलो दिन देखिएका दृश्य र त्यसक्रममा मुख्यत सो पार्टीका सभापति तथा बरिष्ठ नेता र देशका कार्यकारी प्रमुख प्रधानमन्त्रिले दिएका अभिब्यक्तिलाई हेर्दा रास्वपा पनि यसअघि सत्तामा पुगेका अन्य पार्टीभन्दा खासै फरक नरहेको स्पष्ट भएको छ । जसले सबैभन्दा पहिले ०७२ को संविधान र त्यसअनुसार नेपालमा लागूगराईको बिद्यमान राजनीतिक ब्यवस्थाप्रति प्रतिबद्धता ब्यक्त गरेको छ । दोश्रो विदेश नीति तथा छिमेकी नीतिमा पनि यसअघि सरकारमा पुगेका नेपाली कांग्रेस र एमालेभन्दा फरक नरहेको देखाएको छ । अझ रास्वपाले तत्कालीन माओवादी केन्द्रले नेपालमा भित्र्याएका संघीयता, जातीय समाबेशी र धर्म निरपेक्षता लगायतका कुराहरूलाई खुलेरै स्वीकार गरेका कारण यो सरकारले पनि ०७२ को संविधानमा तात्विक संशोधन गर्न/गराउन नसक्ने बरू त्यसलाई थप बलियो बनाउने कामगर्ने देखिएको छ । रास्वपाका बरिष्ठ नेता तथा देशका कार्यकारी प्रमुख वालेन्द्र शाहको जोड प्रमाणका आधारमा सीमा अतिक्रमणको छिनोफानो गर्ने र बेलायतलाई मध्यस्तता नगराउनेलगायतका कुराले बर्तमान सरकारले खासगरी भारतसँगको सीमा समस्या समाधान गर्न/गराउन नसक्ने देखिएको छ । बरू नेपालको चुच्चे नक्शा फेरिन सक्ने र नवलपरासीको सुस्तामा रहेको नेपालको बिवादित भूभाग गुम्नसक्ने संकेतहरू देखाएका छन् । महाधिवेशनको उद्घाटन सत्रमा सो पार्टीका सभापति रवि लामिछानेले आफ्नो पार्टीले प्रतिशोधको राजनीति नगर्ने बताएर सबैलाई आश्चर्य चकित बनाउनुभएको थियो । किनकी गत चैत १३ गते बर्तमान सरकार गठन भएको केही घण्टामै एमालेका अध्यक्ष केपी ओली र नेपाली कांग्रेसका नेता रमेश लेखकमाथि भएको ब्यवहारले बर्तमान सरकार पूर्वाग्रहले ग्रस्तभएको र प्रतिशोधको राजनीति अवलम्बन गरेको देखाएको थियो । त्यसयता करिव १०० दिनका गतिबिधिहरू समेतले उपरोक्त कुराको पुष्टिगरेका छन् । सभापति लामिछानेले पार्टीले प्राप्तगरेको जनमतलाई आत्मसात् गरी कसैप्रति पनि प्रतिशोध नसाँध्ने र राजनीतिक दलहरूबीच भएका वैमनस्यता पनि तत्काल अन्त्यगरी सहयोग र सहकार्यकासाथ देश र जनताको पक्षमा कामगर्ने उल्लेख गर्नुभएको थियो ।

त्यसैगरी आफ्नो पार्टीभित्र गुट र उपगुटको अभ्यास हुननदिने उल्लेखगर्दै उहाँले महाधिवेशनमार्फत एकताको सन्देश दिइने प्रतिबद्धता पनि व्यक्त गर्नुभएको थियो । तर रास्वपाको ब्यवहार त्यसअनुसार देखिएको छैन । नेपालमा ०६३ को परिवर्तनपछि सत्ता र शक्तिमा पुगेकाहरूमा बोली एकातिर र ब्यवहार अर्कोतिर हुने परिपाटी रास्वपामा पनि कायमै रहेको देखिएको छ । उहाँले रास्वपा देशको साझा राजनीतिक मञ्चकारूपमा स्थापित हुँदैगएको जुन टिप्पणी गर्नुभएको थियो, त्यसमाभने केही सत्यता रहेको देखिएको छ । किनकी रास्वपामा नेपाली कांग्रेस, एमाले र पूर्ब माओवादी केन्द्रका असन्तुष्ठहरूको बाहुल्यता रहेकाले चरम गुटबन्दी हुने र जुनसुकै बेला पार्टीमा जे पनि घटना हुनसक्ने अवस्थालाई देखाएको छ । सभापति लामिछानेले नेपाली कांग्रेस र एमालेभित्र देखिएका समस्या समाधानगर्न सुझावदिँदै समस्या समाधान नभए मुलुकलाई नै अप्ठ्यारो पर्ने बताएर फेरी नयाँ राजनीतिक घटनाको संकेत पनि गर्नुभएको पाइएको छ । मुख्यत नेपाली कांग्रेस र नेपाली कम्युनिष्ट पार्टीमा जुन कलह बढिरहेको छ, त्यसले नेपालको राष्ट्रिय राजनीतिलाई थप ध्रुबिकृतगर्ने स्पष्ट संकेत देखिएको छ । त्यस्तो अवस्था आउँदा मुख्य असर रास्वपालाई पर्ने देखिन्छ । उहाँले झुक्किएर राष्ट्रिय राजनीतिको बल आफ्नो खुट्टामा आउनसक्ने संकेत पनि गरिसक्नु भएको छ । त्यसैगरी देशका प्रधानमन्त्री एवं रास्वपाका नेता वालेन्द्र शाहका अभिब्यक्तिहरू पनि बिवादास्पद देखिएका छन् । उहाँले वर्तमान सरकारलाई एक्स्प्रेस गाडीको संज्ञादिँदै गन्तव्यमा पुगेपछिमात्रै रोकिने जुन बताउनुभएको छ, त्यसले राजनीतिक दुर्घटनाको संकेत गरेको छ । हाल नेपालका सडकहरूमा त्यस्ता एक्सप्रेस गाडिहरू बारम्बार दुर्घटनामा पर्दै पनि आएका छन् । सरकारको गति अनियन्त्रित हुने संभावनालाई पनि स्पष्ट गरिएको पाइन्छ । रास्वपाको महाधिवशेनको उद्घाटन सत्रमा शुभकामना दिनेक्रममा केही राजनीतिक दलका नेताले दिनुभएको सुझावलाई सो पार्टीले चुनौती ठानेको देखिएको छ ।

जसको सोही मञ्चबाट प्रतिवाद हुनु राम्रो संकेत होइन । परिपक्व राजनीतिक दलले प्राप्त सुझावहरूलाई संकलन गरेर छलफलद्वारा टुंग्याउने कुरा हुन्छ । रास्वपाको वैचारिक दृष्टिकोणकाबारेमा चिन्ता नलिन आग्रहगर्दै प्रधानमन्त्रिले रास्वपा विकासवादी पार्टी भएको दाबि गर्नुभएको देखिएको छ । हाल संसदमा छलफलकाक्रममा रहेको आब ०८३/०८४ को बजेटलेनै सो पार्टी विकासवादी होकि बिनाशवादी होभन्ने स्पष्ट गरिरहेको अवस्थामा प्रधानमनित्रको भनाईले खासै अर्थ नराख्ने देखिएको छ । सो पार्टीका नेताहरूले रास्वपा कामगर्ने पार्टी हो, प्रतिशोध साँध्ने पार्टी होइन, पुराना कुरालाई लिएर निहुँ खोज्ने पार्टी पनि होइनभन्ने लगायतका भनाई अगाडि सारेर आत्मप्रशंसा गरेको पनि देखिएको छ । नेपाली समाजमा बर्तमान सरकारको गठननै कानूनी राज्यको मान्यता बिपरित भएको चर्चा चलिरहेको बेला प्रधानमन्त्रिले रास्वपाको कार्यक्रममा सरकारले नियमकानून मिच्दैन, नियममै बसेर काम गर्छ, नियमभन्दा बाहिर जाँदैन, रास्वपा निहुँ खोज्ने पार्टी होइनलगायतका अभिब्यक्ति दिएर सबैलाई हँसाउने काम गर्नुभएको देखिएको छ । किनकी सरकार भनेकै देशको ऐन कानून बनाउने र लागूगराउने निकाय हो । अध्यादेशबाट देशको शासन सञ्चालन गरिरहेको सरकारले आफैले नियम कानूनको पालना गरेको दाबि गर्नुभनेको एक प्रकारको राजनीतिक ब्यंगजस्तो कुरा हो । प्रधानमन्त्री शाहले कालापानी, लिम्पियाधुरा र लिपुलेक नेपालको भूमि भएको बताउँदै ती भूभाग नेपालकै भएको प्रमाण सरकारसँग रहेको पनि बताउनुभएको थियो । उहाँले हामीले ब्रिटिशलाई मध्यस्थकर्ता राख्न खोजेका होइनौं, तर ब्रिटिशकालीन शासनका समयमा यससम्बन्धी कुनै प्रमाण छभने सहयोग लिन खोजेका हौं । हामी छिमेकीसँग आफैं कुरा गरेर सीमासम्बन्धी विषय मिलाउँछौं, हामीसँग हाम्रो भूभाग रहेको प्रमाण छ । त्यसमा आशंका लिनु पर्दैनभन्दै त्यहाँ उपस्थितहरूलाई बिश्वस्त पार्ने प्रयास गर्नुभएको पनि देखिएको थियो । तर मुख्य बिवादित बिषय बनेको नेपालले भारतीय भूमी मिचेकोबारे प्रधानमन्त्रि र रास्वपाका कुनैपनि नेताहरूले कुनैपनि टिप्पणी गरेको देखिएन । संसदमा उठेका प्रश्नहरूको उत्तर पार्टीको कार्यक्रमबाट दिने परिपाटी आफैमा राम्रो होइन । जसले देशमा राजनीतिक अराजकतालाई थप बल दिने काम गर्दछ ।

प्रधानमन्त्रि वालेन्द्रलाई पनि पार्टीमा गुट उपगुट सिर्जना हुने चिन्ता देखिएको छभने पुराना पार्टीका अभ्यासलाई रास्वपाले स्थान नदिने पनि उहाँले स्पष्ट गरिसक्नुभएको छ । देशमा संसदीय बहुदलीय राजनीतिक ब्यवस्था रहेको छ । तर बर्तमान सरकारले त्यसका बिश्वब्यापि मूल्य, मान्यता र आदर्शलाई ठाडै उल्लंघन गर्नेगरेको देखिएको छ । त्यस्तो अवस्थामा यसअघिका पार्टीले स्थापना गराएका मूल्य, मान्यता र परंपरालाई मान्यता नदिनेभन्ने आफैमा अराजक कुरा भएको छ । सो कार्यक्रममा रास्वपा नयाँ पार्टी भएकाले नयाँ शोचकासाथ अघिबढेको दाबिगर्ने प्रयास पनि गरिएको थियो । तर ब्यवहारमा पुरानैको सिको गरेकोभन्ने जनमूल्यांकन रहेको देखिएको छ । कतिपयले रास्वपालाई नेपालको राजनीतिक पुनर्जागरणको अभियान भएको बताएर आश्चर्यको अवस्था पनि सिर्जना गराएको देखिएको छ । रास्वपाका कतिपय नेताहरूले आफूहरूको उद्देश्य केबल सरकार परिवर्तनमात्र नभई राजनीतिक संस्कार परिवर्तनगर्नु रहेको धारणा राखेको पनि देखिएको छ । तर सो पार्टीको राजनीतिक संस्कार गत भदौ यताका घटनाक्रमाहरूले स्पष्ट गरिसकेकाले सोही घटनाक्रमहरू दोहरिन सक्ने संकेत पनि गरेका छन् । अर्थमन्त्रि स्वर्णिम वाग्लेले त रास्वपा विवेक, विधि र नियममा आधारित शासन प्रणाली, योग्यता प्रणाली तथा नागरिक केन्द्रित लोकतन्त्रका पक्षमा रहेको बताउँदै रास्वपा पुरानो पुस्तासँग संघर्षगर्न नभई नयाँ राजनीतिक संस्कार स्थापितगर्न आएको बताएर सबैलाई आश्चर्यचकित बनाउने प्रयास गर्नुभएको पाइएको छ । किनकी रास्वपाको ब्यवहार ०७९ को निर्वाचन यस्ता बिभिन्न चरणमा बिभिन्न किसिमले देखिँदै पनि आएको छ ।

उदार लोकतन्त्र, प्रतिस्पर्धी अर्थतन्त्र, समन्यायिक समाज र सक्षम राज्य निर्माण रास्वपाको लक्ष्य रहेको पनि महाधिवेशनमा कतिपय नेताहरूले ब्यक्त गरेको देखिएको छ । जसकाबारेमा दलहरूका बीचमा बिवादहरू रहेका छन् । सो कुरा ०४६ सालको राजनीतिक परिवर्तनपछि मुख्यत नेपाली कांग्रेसले बताउने र अभ्यासगर्ने प्रयास गरेको थियो । त्यसैका कारण देश हालको जस्तो अस्तब्यस्त अवस्थामा पुगेको स्पष्ट छ । रास्वपाले सोही नीति अवलम्बनगर्ने हो भने सो पार्टी कांग्रेसभन्दा फरक नहुने देखिएको छ । रास्वपाको कार्यक्रममा उपस्थित कांग्रेस, एमाले, नेकपा, राप्रपा र मधेशवादी दलका नेताहरूका भनाई पनि बिचित्र देखिएका थिए । जहाँ गत भदौ २३ र २४ का बिध्वंशको छानविन र दोषिमाथि कारवाही गरी राष्ट्रको क्षतिभएको सम्पति दोषिहरूबाट भराउने कुरा कुनैपनि उठेन । दलहरू जनताप्रति जिम्मेवार नरहेको स्पष्ट गरे । रास्वपाको चितवन महाधिवेशनले कतिपय कुराहरूको खुलासा गरेपनि राष्ट्रिय एकता र सहमतीय राजनीतिमा जोड दिन नसकेको देखिएको छ । जुन हालको अवस्थामा सबैले ध्यान दिनुपर्ने छ ।


अन्नपूर्ण हिमालको आधार शिविर जहाँ पर्यटकको भीड लागेको छ । आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल र आरोहण सुरू हुने आधार शिविर पहिचान, पूर्वाधार र प्रवर्द्धनपछि पर्यटकको आकर्षणमा परेको हो । पदमार्ग, पूर्वाधार निर्माण, खानेबस्ने सुविधाको बन्दोबस्त भएपछि पर्यटक बढेका हुन् ।

# पैताला

**–डा. दामोदर पुडासैनी किशोर**



**पैताला-१**



तिमीले र मैले
साटेका सबै पाइला
बाँचिरहन्छन् सधैँ
सुन्दर अभिलेख बनेर
तिमी साथमा नभएका बेला
हाम्रा तिनै पैतालाहरू
हिँडछन् मेरो मनभित्र
र दिन्छन् सँगै हिँडेकोभन्दा
चारपाइला बढी खुशी ।

**पैताला-२**

हरेक क्षण क्रान्ति हुन्
हरेक क्षण प्रतिक्रान्ति हुन्
कान्ति र प्रतिक्रान्तिकै दोसाँधमा
चालेको हुँ मैले पाइला
पाइला रोकिएको क्षण
न सँसार बच्यो, न सपना ।

**पैताला-३**

मान्छेहरूले मलाई पाइला बनाए
उनीहरूकै निर्देशनमा
हिँडिरहेँ म अनेकौं ठेस र थकाई सहेर
उनीहरूले अनुहार सिँगारे , मनले मस्ति गरे
मलाई कुनै वास्ता गरेनन् हिँडाइरहे
अचेल उनीहरूको
अनुहार चाउरिएको छ
असन्तोषले हल्लाइरहेछ मनलाई
म त न थाक्छु
न हार्छु हिम्मत कहिलेपनि
अहिले भर्खरै खबर पठाएकोछु मैले मान्छेहरूलाई
तिमीहरू बाँच
तिमीहरू बाँचेसम्म
मैले तिमीहरूलाई
अबरोधको आँसुमा डुबाउँने छैन ।

**ओइलाएको गुलाफ**

**– पार्वती पुडासैनी**





ढकमक्क फुलेकीथियौ तिमी
मेरो मनको बगैचामा
सौन्दर्यपान गर्थे पुतली र पन्क्षीहरूले
सखारै चराहरूले बजाउँथे मिठो धुन
पुलकित बन्दै नाचिरहन्थेँ म हावासँगै
चट्याङ परेझैँ
कसैको गिद्धे नजर पर्यो तिमीमा
निमोठियौ तिमी
फालियौ अँध्यारो कोठामा
अचेल रङ्गहीन बनेकोछ बगैँचा
सँसारबाट भाग्नखोज्दैछ सुमधुर सुगन्ध ।

# नइ प्रकाशन र साहित्यको गौरव








मोदनाथ प्रश्रित र गोविन्द भट्ट दुवै जना विद्वान् थिए । यी दुवै प्रगतिशील खेमाका बौद्धिक जगत्गुरू शङ्कराचार्य थिए । अनि यी दुवैले पृथ्वीनारायण शाहको देनलाई शिरोपर गरेका थिए ।

राष्ट्रवादी भएकै कारण मोदनाथ दाइलाई राजनीतिबाट उठ्नै नसक्ने गरि खड्गप्रसाद दाइले थेचारेका थिएनन् र ? नेपालवादी भएकै कारण सहाना प्रधान, मोहनचन्द्र अधिकारी र प्रदीप नेपाल पनि खड्गप्रसाद दाइकै शिकार भएका थिएनन् र ? यदि खड्गप्रसाद दाइ प्रधानमन्त्रीको पदमा नपुगेका भए उनलाई मोदनाथ दाइको हैसियतको खुट्टाको बूढी औँठामा बान्न मिल्थ्यो होला र ? - नइ

## चारू



जान्छ थुके सुकेर एकले
बन्दैन देश थुकेर एकले ।

ढाकिन्न यो देशको इज्जत
लाज पचाई झुकेर एकले ।


अगाडि आओ रमिते हो
भन्दै हेर्दछ लुकेर एकले ।

राष्ट्रिय भावना मरे पछाडि
बदनाम गर्छ चुकेर एकले ।

बेलुनको हावाझैँ जिन्दगी
फुल्नै गाह्रो फुकेर एकले ।

**-उत्तम विचार ।**

# कृति समीक्षा






**रगतको मूल्य :**

***अरूणबहादुर खत्री***

कवि होमशंकर बास्तोलाको रगतको मूल्य नामक कथासङ्ग्रह छैठौ कृतिको रूपमा २०८२ सालमा प्रकाशित भएको छ । नेपाली साहित्यको साधना र सिर्जनाको क्षेत्रमा आफ्नो जीवनका साढे तिन दशक बिताइसकेका बास्तोलाको यस कथा सङ्ग्रहभित्र म तिम्री आमा हुँ, जाहेरी, फैसला, नछुइने बैस लगायत विभिन्न शीर्षकका १९ वटा कथाहरू राखिएका छन् । यस कृतिभित्रको म तिम्री आमा हुँ ! शीर्षकको पहिलो कथाभित्र रविले अलिकति मुस्कुराएर भनेको थियो जमाना पनि खै कस्ता आए ? लोग्ने वा स्वास्नी परिवारका लागि विदेशमा कमाउन जान्छन् । त्यहाँ उनीहरू ताता घाममा डढेर कमाएको पैसा घर पठाउँछन् कथाकारले भनेका छन् ।

यस सङ्ग्रहका कथाहरू समसामयिक विषयवस्तुमा आधारित छन् । समाजमा भएका विकृति विसङ्गतिलाई सूक्ष्म विश्लेषण गरी सुधारतर्फ लैजान सन्देश प्रदान गरिएका छन् । यस सङ्ग्रहभित्रका कथाहरू पढ्दा मनलाई झकझक्याइरहन्छन् । मस्तिष्कलाई सचेत गराइरहन्छन् । सरल भाषा, मिठो शैली र सललल बग्ने प्रस्तुतिले बास्तोलाका कथाहरूलाई आजको कथा बन्न बल पुऱ्याएको छ । कथा लेखनको विषयमा कथाकारलाई जुन घटनाले छुन्छ उनले त्यसलाई टिप्छन् र आफ्नै शैलीमा ढाल्छन् । कथालाई आकर्षक पार्न केही थपघट भने अवश्य गर्नुपर्छ । सम्भवत: त्यसैले पनि आदर्शवादी कथाहरू नै जन्मन पुग्छन् । कथावस्तु र पात्रहरूको प्रस्तुतीको पृष्ठभूमि यथार्थवादी हुन नसकेर आदर्शवादी नै रहेका छन् ।

जाहेरी शीर्षकको कथाभित्र तिमी पनि रक्सी पिउछ्यौ ? छयाछयाछया अचेलका युवती के गरी बिग्रिएछन् भनिएको छ । रगतको मूल्य भित्र सङ्ग्रहित कथाहरू सबैजसो पारिवारिक सेरोफेरोभित्र उनिएका छन् । नारी-पुरूषका जैविक आवश्यकताको विषयमा अतृप्ति, असन्तुष्टि र स्वेच्छा वा बाध्यताले यो पेशा अपनाउनु पर्ने परिस्थितिका बारेमा कथा बनाइएका छन् । नछुइने वैंस शीर्षकको कथामा दुई जना सहयोगी र तीन जना पुलिससहित छविलाल बरडाँडा आइपुगे । लास रूखबाट भुइँमा नझर्दै मान्छेको ओइरो लागिसकेको थियो । छविलाल चौतारोमा के उक्लेका थिएँ ए पातकी छोरालाई भुँडी बोकाउन लगाइस् र मारिस् यो दमिनीलाई कम्युनिस्टको कार्यकर्ता हुँ भन्ने एउटा मरिन्च्यासे कुर्लियो ।

कथाकार बास्तोलाका कथाहरू सरल छन् । सामाजिक विषयवस्तुहरूमा केन्द्रित छन् । कथाकार बास्तोलाका यी कथाहरूमा कोमलता र सौन्दर्य साह्रै यथार्थ र जिउँदो प्रस्तुती तथा कारूणिक कोमलताको अनुभूति भएको छ । निश्चय नै उनका कथालाई बढी भन्दा बढी पाठकले मन पराउने छन् । उनले लेखेका कथाहरूले मानिस र समाजका विविध पक्षलाई उजागर गरेको छ । यो कथा पढेपछि कथाका पात्रहरू आँखा अगाडि हुँदै मनभित्र बस्छन् । यस सङ्ग्रहभित्रका प्रत्येक कथाको विषयवस्तु हाम्रो समाजमा प्रचलनमा आएका विभिन्न सन्देशमूलक कहावत वा कथनी आएका छन् जसको सम्बन्ध प्रत्यक्ष रूपमा हाम्रो समाजसँग सम्बन्ध राख्दछ ।

यसका मूल कथामा सहायक कथा जोडिन्छन् तर पाठकले मूल कथा जस्तै मानेर पढ्न सक्ने छ । यसले बास्तोला कथा लेखनमा अभ्यस्त भएको प्रमाणित गर्छ । विषयका हिसाबले सङ्ग्रहका कथा हामीले देखेका, सुनेका र भोगेका विषयकै छन् तर प्रस्तुतिका हिसाबले नवीन छन् । कथामा रोचक तथ्य के छ भने यी कतै न कतैबाट प्रेमसँग गाँसिएका छन् । यहाँ पवित्रताभन्दा बढी वासना नै छ । यसले हाम्रो समाज शैक्षिक उन्नयनमा अगाडि देखिए पनि हाम्रो सोचमा भने परिवर्तन आउन नसकेको सङ्केत गर्छन् ।

भोक शीर्षकको कथाभित्र रातको करिब साढे नौ बजेको हुनुपर्छ, पानी झमझम परिरहेको थियो । सगरबाट पिच सडकमा परेका पानीका थोपाहरू छिर्काछिर्का भएर भलमा परिणत भएका थिए भनेर कथाकारले लेखेका छन् । राहत शीर्षकको कथामा हाकिमले गाविसको वडा नं. एकको राहत सूचीमा नाम हेरे तर उनको नाम थिएन भनिएको छ ।


रगतको मूल्य शीर्षकको कथाभित्र उज्यालो हुनहुन खोजेको हुनुपर्छ अम्बोटे गाउँबाट भाले बासेको आवाज सुनियो । ऊ सुतेको त हो तर कहाँ निदाउँन सक्थ्यो र ? भाले बासेको आवाज सुन्नेबित्तिकै एउटा ठाउँठाउँमा खिटेको थोत्रोथोत्रो झोलामा खै केके सामान हाल्यो । झोला हातमा झुण्ड्याएर पटुकाले बालकलाई छातीमा बाँधेको छ । यस कथासङ्ग्रहभित्रका कथाहरू समाजमा सकारात्मक सन्देश दिने खालका छन् । उनले लेखेका कथाहरू आकर्षक र पठनीय छन् । भाषा सरल र सम्प्रेषणीय छ ।


कथाकार बास्तोलामा घटना टिपेर अनुकूल परिवेशले सिगार्ने खुबी छ । यिनको कलम तिखो छ र समाजका विकृति विसङ्गति प्रति प्रहार गर्न सक्षम पनि छ । उनका अधिकांश कथाहरूमा चरित्र चित्रणलाई विशेष जोड दिइएको छ । उनको कथा लेख्ने शैली सरल र बोधगम्य छ । मझौला आकारका कथा एकै बसाइमा पढेर सकिने छन् । पट्यार लाग्ने अवस्था कुनै कथाले ल्याउँदैन । समग्रमा यस सङ्ग्रहका कथा पठनीय र सन्देशवाहक छन् ।

यस कथासङ्ग्रहभित्रको आतङ्ककारी शीर्षकको अन्तिम कथामा आज मेरो मन किन हो किन अति तरङ्गित छ । धनसिङ दानी थिएँ । दयालु, धार्मिक सबै थिएँ । उसकै आश्रयका कारण मेरा ससुराबाले उनकोमा गोठालो बस्ने सौभाग्य पाएका रहेछन् भनिएको छ । समग्रमा भन्दा यस कथासङ्ग्रहभित्र खोट लगाउने ठाउँ देखिन्न । कथाकारका रूपमा बास्तोला खरो उत्रिएका छन् । लघुकथाले बजार पिटेको वर्तमान अवस्थामा कथाका सङ्ग्रह बजारमा आउनु साहित्यप्रेमीहरूका लागि सुखद पक्ष हो ।

विधा: कथासङ्ग्रह    लेखक: होमशंकर बास्तोला    प्रकाशक: साझा प्रकाशन
संस्करण: पहिलो २०८२    मूल्य: रू.३००।-    पृष्ठ: १३६

# पढुँ पढुँ लाग्ने दुई कृति : मञ्जरा र अक्षर मनका




बालकृष्ण गजुरेलको उपन्यास हो मञ्जरा । यो सपन्यास सार्वजनिकरण भएर बजारमा आइसकेको छ । साथै सरल तर चित्ताकर्षक भाषा शैलीका कवि राजेन्द्र शलभको अक्षर मनका पुस्तक पनि अत्यधिकले रूचाएको पुस्तक हो ।

# उसले दिएको पीडा मैले हर्न सकिन



के लाग्छ ठट्टैठट्टामा त्यस्तो बात लागे पछि,
के लाग्छ बिफलतै बिफलता हात लागे पछि,
बाटो बिराएको हजूर मैले होश हराएको हैन,
के लाग्छ एक नजरमै रूपको मात लागे पछि ।

**- ज्ञानुवाकर पौडेल**



क्रान्तिको दावानल सल्कियो भएर रङ्भेद
मानिस मानिसबीच भयो कस्तो यो मतभेद
ए हजुर ! २१औं शताब्दीका सभ्य मानिसमा
मानवता हराउनेगरी बढ्यो महामारी मनभेद ।

**- कृष्णबहादुर थापा**



नदीमा समाहित हुने बेलामा किनारा तिर घचेटिदा
खोला रून्छ होला कि,हाँस्छ होला? नदीसंग भेटिदा
बन्न त उ आफू पनि थोपा थोपा मिलेर बनेको हो
त्यसकारण प्रवाह नगर्दोहो आफ्नो अस्तित्व मेटिदा

**- अर्जुन अधिकारी**



थियो मन रित्तो भर्नु पर्थ्यो ढलाएर छोड्यौ
अधिक प्रेम गर्थि तिमीलाई गलाएर छोड्यौ
के पायौ खै दुखिको आत्मामा ठेस पुर्याएर
उसको पवित्र दिलमा चोट लगाएर छोड्यौ

**- चन्द्रकला आचार्य**



श्रद्धाभावले हृदयमा राखेकी छु हजुर
भलाई होस् भन्दै देवता भाकेकी छु हजुर
भेटघाट गर्नलाई तिथिमिति जुर्नुपर्ने रहेछ,
आफ्नो ठानी आत्मियता साटेकी छु हजुर ।

**- विद्या भण्डारी**



चोट यस्तो दियौ कि घाउ भर्न सकिनँ
सहेर नै बसें पीडा गुनासो गर्न सकिनँ
भन के पायौ तिमीले यो मन दुखाएर,
उसले दिएको पीडा मैले हर्न सकिनँ ।

**- नीता गुरूङ**

# किरामा बाँचेको छ पहाड र हिमाल







| | | |
|---|---|---|
| सम्पादक/प्रकाशक | | राजन कार्की |
| Editor/Publisher | | Rajan Karki |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | उत्तम राज |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np


## सम्पादकीय

## बालेनको अनौठो कार्यशैली

सरकार एमालेको थियो, कांग्रेस-एमाले-माओवादी जाज्वल्लयमान देखिन्थे, त्यही बेला मेयरको चुनाव भयो, बालेन साहलाई जनताले आश्चर्यजनकले राजधानीको मेयर जिताए । बालेनले राजधानीका सडकपेटी, सरसफाइका काम गरिरहेका थिए । बालेनको कामको प्रशंसा भइरहेकै थियो । त्यही समयमा बिदाको दिन राति उनको गाडीलाई कोटेश्वरतिर ट्राफिक प्रहरीले रोकेको थियो । त्यही बेला सामाजिक सञ्जालमा उनले भनेका थिए- 'आजको लागि केही भएन । भोलिबाट हाम्रो महानगरपालिकाको कुनै पनि गाडी सरकारबाट रोकियो भने सिंहदरबारमा आगो लगाइदिन्छु, याद राख चोर सरकार ।' हुन पनि मेयरले महानगरको प्रशासक मागेका थिए, ओली सरकारले मेयरलाई हायलकायल पार्दै काम गर्न नदिने नीति लिएको थियो । ओली सरकार यसरी मेयरपछाडि लागेको थियो कि महानगरका कर्मचारीले ३ महिनादेखि तलव नपाएर भोकभोकै थिए । अनि मेयर बालेनले भनेका थिए- एक हप्तामा  कर्मचारीले तलब पाएनन् भने सबैलाई टुकुचामा गाडिदिन्छु ! पछि हेरौँला तिमीहरूको के-के तन्त्र हो !' सामाजिक सञ्जाल बालेन साहको ब्रम्हास्त्र बन्दै आएको छ । फागुन २१ को चुनावले देशलाई छपक्कै छोपेको थियो । चुनावी दौडाहमा थिए बालेन । चुनावभरि जम्माजम्मी १९ मिनेट भाषण गरेका बालेन साहले कहीं पनि आफूलाई, रास्वपालार्य भोट मागेनन् । उनले काम मागे । काम गर्छौं भने । धनगडीको आमसभामा बालेनले दुई वर्षमा बन्ने बाटो २० वर्षमा पनि बन्दैन, डेढ वर्षमा बन्नुपर्‍यो त्यो हो हाम्रो एजेन्डा, रूखमा बाँधेर हुन्छ कि, बाटोमा सुताएर हुन्छ कि, खोरमा जाकेर हुन्छ बाटो बन्नुपर्‍यो ।

आज बालेन सरकार छ । बालेन सरकारको गति बेजोडको छ । प्रशासकदेखि संवैधानिक निकाय सबैलाई सोझै भनेका छन्- हाम्रो गतिमा काम गर्नु, काम गर्न नसक्ने भए मार्ग प्रशस्त गरिदिनु । सुशासनको गति तीब्र छ । सेवाग्राहीले सेवा पाउन थालेका छन् । भ्रष्टाचारका ०४६ सालदेखिका फाइल खोल्न थालिएको छ । राजनीति तरङ्गित हुनपुगेको छ । पुराना दल, नेता र पदमा भएकाहरू त्रसित भएका छन् । बिदा लिएर विदेश भासिएका प्राध्यापकहरूले समेत पैसा फिर्ता गर्न थालेका छन् । बालेन सरकारले परिवर्तनको झल्को दिन थालेको छ ।

बालेन सरकारका हरेक मन्त्री एक्सनमा उत्रिएका छन् । बालेनले जेठ १७ गते प्रधानमन्त्री बनेपछि मैले पनि थाहा पाएँ, नेपालले पनि भारतको जमिन मिचेको रहेछ, अब साथीजस्तो मिलेर, कूटनीतिक छलफलबाट सीमा समस्या समाधान गर्ने भनेर दिएको अभिव्यक्तिलाई एकसरो पक्रेर, बालेनको जिब्रो थुत्ने रूपमा विपक्षीहरू संसदमा निरन्तर बालेन साहको सातो लिनेगरी चिच्याइरहेका छन् । पुराना दलले बनाएकै नियमानुसार हरेक जवाफ प्रम बालेनका तर्फबाट अर्थमन्त्रीले दिइरहेका छन् । प्रम बालेन संसदमा उठेका, सांसदले उठाएका हरेक प्रश्नको जवाफ कामले दिने नीतिमा देखिन्छन् । आश्चर्य त के छ भने लिपुलेकमा भारत र चीनले राजमार्ग खोलेर, व्यापार गर्ने, पर्यटन उद्यम बढाउने विषयमा नेपालले कूटनीति नोट पठायो, यसबाट भारत र चीन दुबैतिर हलचल मच्चियो । दुबै देशले नेपालका परराष्ट्रमन्त्री शिशीर खनाललाइ निम्त्याएर स्पष्ट पारिसकेका छन् । कूटनीतिक सम्बन्धमा नयाँ आयाम थपिएको छ । नयाँ सरकारसँग मिलेर काम गर्न दुबै देशले स्वीकार गरेका छन् । नेपाल भारतवीच भएका संयन्त्रहरू एकाएक सकृय भएका छन् । यो राम्रो कुरा हो । यो सबै प्रम बालेनको कूटनीतिक चातुर्यताका कारणले भएको हो ।

प्रतिपक्षी दलहरूले सरकारलाई आजसम्म सुझाव दिने, अनुभव साटफेर गर्ने काम गरेनन् । मात्र आलोचना, आलोचनामात्र गरिरहेका छन् । जसरी पनि सरकार ढाल्ने साजिसमा लागेका छन् । बालेन सरकार लोकप्रिय मतबाट बनेको सरकार हो । रास्वपालाई प्रष्ट बहुमत दिएका छन् । यसकारण रास्वपा अथवा रास्वपाको सरकारलाई हल्लाउन सक्ने ताकत प्रतिपक्षीहरूसँग छैन । हो, समयक्रममा प्रष्टता हुनुपर्छ, प्रम बालेनले पनि बोल्नुपर्छ । स्पष्ट पार्नुपर्छ । राम्रो काम नगरेको खण्डमा जनताले रास्वपालाई किनारा लगाउने छन् । राम्रो काम गर्दा गर्दै आलोचना र राजीनामा माग्दैमा बालेन सरकार ढलिहाल्छ भन्नु दिवासपनाजस्तै हो अहिलेलाई ।

# प्रतिषोध र भिडन्तले देश बन्न सक्दैन




रास्वपा र रास्वप सरकारलाई ढाल्न, राष्ट्रघाती हुन् भन्ने भाष्य स्थापित गरेर प्रम बालेन साहको समेत लोकप्रियता नष्ट गरिदिन प्रतिपक्षी एमाले, कांग्रेस, नेकपा र श्रम संस्कृति पार्टी न्वारानको बल लगाएर संसद अवरोध गरिरहेका छन्, तर सतिसाल बनेर उभिएका रास्वपा पार्टी र बालेन सरकारलाई हल्लाउने क्षमता देखाउन सकेनन् ।

रास्वपा प्रतिवद्धता, करार तथा त्यही नीति लिएर बालेन सरकार कामैले जवाफ दिने मूडममा छ ।

सम्भवत: सरकारको सय दिनका दिन रास्वपा र बालेन सरकारले बोल्ने तैयारी गरिरहेका छन् । विपक्षीले तीललाई पहाड बनाएर सरकारको बिरोध संसदमा तीब्र पारिरहेकै छन् । राजनीति अड्किएपछि कूटनीति भूराजनीतिमा जेलिन पुगेको छ । पक्ष विपक्ष मिले देशलाई बनाउने कुरामा विपक्षीले साथ दिएनन् । सत्तारूढ दललाई छिन्नभिन्न पार्न विपक्षी कम्मर कसेर लागेका छन् । कमजोर विपक्षीले शक्तिशाली सत्तारूढ दललाई तितरबितर पार्ने अनेक प्रयास गरिरहेका छन् । कुहिनाले पहाड फोर्छ कि पहाडले कुहिनो भाँच्छ ? जेनजी बिद्रोहले ल्याएको परिवर्तनलाई जनजीवनमा उतार्न सत्तारूढलाई फलामको च्यूरा चपाएजस्तै हुनथालेको छ । भाषणबाजमा पोख्त विपक्षीहरू काम गर्न आएकालाई पाइला पाइलामा छिर्की लगाएर अल्झाइरहेका छन् ।

रास्वपा नागरिक सर्वोच्चता राजनीतिक प्रणालीको जगमा उभिएको छ देखिन्छ । तर प्रतिपक्षी सत्तापक्षलाई उखेल्न लागिपरेका छन् । कसले कसलाई उखेल्छ, कसले कसलाई विधिको शासनमा बाँध्छ ? समयले सत्तापक्ष र विपक्षीको परीक्षा लिन थालेको छ ।

हो, तनाव विश्वभरि छ । तनाव नेपाललाई पनि छ । देशलाई कसरी सुरक्षित भूराजनीतिबाट बचाएर अघि बढ्ने भन्ने विषयमा अमेरिका भन्दा जेठो मुलुक नेपालमा राजनीतिज्ञहरूले सोच्नै सकेनन् । नेपालले आँप आयातमा रोक लगायो भनेर भारतले नेपालको चियालाई बोटमै, बजारमै, बाटोमै कुहाइदिन थालेको छ । नेपाल सरकार र बालेन सरकारवीच सद्भावको सम्बन्ध चुँडिएको छ । सीमा समस्या र प्रम बालेनले तत्काल विदेश भ्रमण गर्दिन भनेपछि भारतको मन कुढिएको हो, त्यसैले बालेन सरकारलाई पाठ पढाउन भारत अग्रसर भएको छ । यता चीनले नेपाललाई सुसम्बन्धको सन्देश परराष्ट्रमन्त्रीमार्फत दिइसकेको छ । यसैवीच चीनले भारत अथवा पश्चिमा जो कुनै मुलुकका लागि भनिसकेको छ- चीनलाई कमजोर नठान । हामी पहिलो गोली हान्दैनौं । जसले पहिलो गोली हान्छ, त्यसलाई दोस्रो गोली हान्न बाँकी नै राख्दैनौं ।

ठूला छिमेकी भएको नेपालका लागि भारत र चीन उत्तिकै महत्वका छिमेकी हुन् । तर नेपालमा हाम्रो पनि चासो छ भनेर अमेरिका एमसीसी परियोजनामार्फत पसिसकेको छ । भारत अमेरिका र रूससँग उत्तिकै सम्बन्ध राखिरहेको छ । रूस पनि नेपालमा चुप लागेर बसेको छैन । रूसका सशक्त राजदूत नेपालमा कार्यभार सम्हालेर आइसकेका छन् । रूस, चीन, अमेरिका, भारत नेपालका लागि शक्तिशाली अर्थतन्त्र र अतासलाग्दा सामरिक शक्तिहरू हुन् । ती सबै शक्तिहरू भूराजनीतिक महाभारत बनेर नेपालमा उपस्थित छन् । शक्तिशालीहरूको प्रतिस्पर्धा देखिनु र मल्लयुद्ध गर्ने भूमि नेपाल बन्नु नेपालका लागि चुनौति र अवसर दुबै हुन् । नेपालले बुद्धिमत्तापूर्ण रणनीति लिएर अघि बढ्न सके ती शक्तिहरूको सानोतिनो सहयोगले नेपालको आर्थिक अवस्था नै बदलिन सक्छ तर रणनीति कमजोर बन्यो भने अभिषाप हुनजानेछ । यसकारण राजनीतिक संवाद, सहमति र सहकार्य अति जरूरी छ । तर सत्तारूढ र प्रतिपक्षीवीच जुनप्रकारको एकदोस्रालाई खुइल्योन प्रतिस्पर्धा सडक, संसदमा देखिएको छ, आएको राजनीतिक परिवर्तन नेपाल र नेपालीका लागि बरदान सावित हुनसक्ने सम्भावना कमजोर बन्दै गएको देखिन्छ ।

शक्तिशाली मुलुकहरू एमसीसी, एसपीपी, बीआरआई लगायतका सञ्जाल, व्यापार र विज्ञान र नवप्रवर्तन-प्रविधिमा नेतृत्वदायी भूमिका बिस्तार गर्दै अगाडि बढेका छन् । नेपाल गाँस, बास, कपासमै अल्झिएको छ । उत्पादन छैन, निर्यात पनि छैन । परजीवी बनेर चाउरिनु परेको छ । राजनीतिक परिवर्तनसँगै आत्मनिर्भरताको परिवर्तनको जग बस्ला, राष्ट्रिय एकता र जनताको मुहारमा उज्यालो छाउला भन्ने विश्वास जेनजी आन्दोलनले जगायो, सरकार गठन र विपक्षीको असहयोग प्रताडनाले अँध्यारो पार्दै लगेको छ ।

अमेरिका रूस र चीनको गति रोक्न र तिनलाई कमजोर पार्न अग्रसर छ । रूस र चीनको बेग हिमाले डाँफेको जस्तो बढ्दै बढ्दैछ । यी तिनै मुलुकको सामरिक सामर्थ्य कसको कति हो भन्ने अनुमान गर्नै मुस्किल छ । यी शक्तिहरू स्वस्थ प्रतिस्पर्धाको कुरा गरिरहेका छन्, संवाद पनि गर्छन् र यिनीहरूवीच अतासलाग्दो मतभेद पनि देखिन्छ । भारत उदाउँदो शक्ति हो, जुन नेपालको १८८० किलोमिटर खुला सिमाना जोडिएको मुलुक हो । भारतको सहयोग र असहयोग दुबै नेपालका लागि भारका रूपमा हेरिन्छ । यसकारण नेपालको सन्तुलित नीति जरूरी छ । नेपालको राजनीति र कूटनीति दुबै क्षेत्रमा दुबै छिमेकी र शक्तिराष्ट्रसँग चुनौतिपूर्ण रहेको छ ।

चीन, अमेरिका र रूस कुन अभेद्य हो, यो उनीहरूवीचको सवाल हो । नेपालको सवाल अमेरिकाभन्दा जेठो भएर पनि सधैं अस्थिर, अराजक किन छ ? यो देशलाई कसरी सवार्ने, सपार्ने, यो सोच राजनीतिक क्षेत्रको महत्वमा परेन । नेपालको राजनीति लामो समयदेखि स्वार्थको चक्रव्यूहमा घुमिरह्यो । बल्ल तल्ल संविधान सडकमा पछारेर उदय भएको रास्वपाको सरकार छ, यो सरकारलाई सही मार्गमा लगेर सहयोग गरौं भन्ने पुराना दलहरूको दूरगामी विवेक नै देखिएन । जब विवेक हराउँछ, त्यतिबेला अनहोनी बढी हुन्छ । नेपालको राजनीतिले स्वत्व गुमाएर शत्रुनासको एकसूत्रीय एजेण्डा सडकदेखि संसदसम्म देखिनु बिडम्बना हो । शक्तिमुलुकहरू प्रभुत्व कायम राख्ने, बिस्तार गर्ने योजनामा छन्, नेपाल कसरी बाँच्ने, स्वराज बचाउने नाङ्गो तरवारको जोखिममा छ । यो जोखिमबाट बच्ने भनेको राष्ट्रिय एकताले नै हो । त्यो एकताका लागि पुराना दलहरूले नयाँलाई प्रेरित गर्नुपर्ने हो । नयाँका कमजोरीको टुपी उखेल्ने होइन, नयाँलाई सिकाउने जिम्मेवारी पनि पुरानाकै हो । त्यो जिम्मेवारीबाट पुरानाहरू चुकेका छन्, नयाँहरूले पनि पुरानासँग सिक्न चाहेको सीप देखाएका छैनन् ।

देशमा राजनीतिक अन्यौल बढेको छ, कूटनीतिक गल्तीहरू बढेका छन् ।

नेपालको शान्तिक्षेत्रको प्रस्ताव देश बचाउने प्रस्ताव थियो, जसलाई भारतको असहयोगले असफल पारिदियो । सार्क थियो, जसलाई भारतले नै मारिदियो । भारत, चीन, अमेरिका, रूस अथवा युरोपियनहरू आआफ्ना अभिष्ठ बोकेर आएका छन् । नेपालको अभिष्ठ छायाँमा पर्दै गएको छ । एक व्यक्ति अथवा एक पार्टीले देश बनाउन, बचाउन मुस्किल छ । नेपाललाई जुनसुकै प्रकारको सहयोग चाहिएको छ, सद्भाव नेपालको आवश्यकता हो । सबैभन्दा बढी राजनीतिक र कूटनीतिक सुझबुझले नेपालमाथि कसैले पनि सहकार्य र अहस्तक्षेपको प्राथमिकतामा राख्नुपर्छ भन्ने नेपालको रणनीति हुनैपर्छ । यसका लागि पनि नेपाली राजनीतिक एकता पहिलो शर्त हो ।

नेपालको भूराजनीतिको यथार्थ चित्रबारे प्रत्येक नेपालीमा चेत हाल्नैपर्छ । अझै गल्ती गर्ने र पुर्पुरामा हात राखेर पछुताउने समय छैन नेपालसँग । बौद्धिक समाज, थिङ्क टेंकहरूले अब पार्टीको होइन, देशको आवश्यकताको वकालत गर्नुपर्छ । नेपालको अस्तित्वको डुंगा विश्वशक्तिको समुद्रमा डोलायमान भइसकेको छ । असंलग्न नीति नेपालको धड्कन बनाएर नेपालले परिपक्व कूटनीतिक चाल चल्न सके यो समय नेपालका लागि सौभाग्यको समय हो भन्ने बुझ्नैपर्छ ।

नेपाल बफर स्टेट भन्ने एउटा विवाद जन्मेको छ । नेपाल 'बफर स्टेट' होइन । सन् १९२३ मा वर्तमान भारतमा शासन गर्ने बृटिस शासनले समेत नेपाललाई स्वतन्त्र राष्ट्र मान्यो । सन् १९५० को सन्धिले पनि नेपाल-भारत सार्वभौम राष्ट्र मानेको छ । १९५५ देखि नेपाल संयुक्त राष्ट्र संघको सदस्य राष्ट्र हो । यसकारण नेपाल बफ स्टेट होइन । निश्चय नै नेपाल भारत र चीनको चेपोमा छ । यसैले तरूल राष्ट्र भनिएको हो । यहीकारण नेपालले असंलग्नता अपनायो, पञ्चशीलको सिद्धान्त अंगीकार गर्‍यो, सन्तुलित सम्बन्ध नेपालको परराष्ट्रनीति मान्यो । वर्तमान सरकारले यो ऐतिहासिक यथार्थलाई कदापि भुल्नु हुँदैन । नेपालले भूराजनीतिको दबाबलाई झेल्नैपर्छ, त्यसमा अंश खोज्नुहुन्न । सबैसँग असंलग्नताको सम्बन्ध बिस्तार गरेर अवसर खोज्नुपर्छ । विश्वशक्ति अथवा छिमेकी राष्ट्रहरूसँग राष्ट्रिय सुरक्षा, देशको समृद्धि, व्यापार-बजार-लगानी-प्रविधि बिस्तार नेपालको प्राथमिकता हुनुपर्छ ।

२०६५ साल जेठ १५ गते अवैधानिक तरिकाले राजतन्त्र फालियो, २०७२ को संविधानमा हिन्दुराष्ट्र पन्छाएर धर्मनिरपेक्षता अंगीकार गरियो । यसको नतिजा शुभ हुनसकेन । संविधान नै फेल भयो, राजतन्त्र आज पनि देशको सबैभन्दा ठूलो राजनीतिक मुद्दा बनेर उभिएको छ । अहिले संविधान संशोधनको बहसपत्र तैयार हुँदैछ, त्यसमा सबै प्रकारका राजनीतिक मुद्दाहरूको निकास निस्कने गरी संविधान संशोधन हुनसक्यो भने देशका लागि परिवर्तनको फल हुनसक्छ । यसका साथै संवाद, सहमति र सहकार्य सुरू गरेर राजनीतिक रूपमा बिट मार्न सकियो भने नेपालको सुदूर भविष्य सुरक्षित राख्न सकिन्छ । यस विषयमा अहिले तँलाई पनि म जस्तै बनाइदिन्छु भन्ने विपक्षले समेत गम्भीर भएर सोच्नुपर्छ । किनकि देश रह्यो भने हिजोका पक्ष आज विपक्षमा छन्, आजका विपक्षी भोलि सत्तापक्षमा पुग्नसक्छन् । देश रहे राजनीति रहन्छ भन्ने सबैले बुझौं ।

प्रश्न बालेन साह ली क्वान यु बन्लान् कि रबर्ट मुगाबे ? यो होइन, प्रश्न राजनीतिक सहमति कायम हुन्छ कि हुन्न, देशले नयाँ राजमार्ग पाउला कि नपाउला भन्ने हो ।

सिंगापुरका पूर्वप्रधानमन्त्री ली क्वान युले सार्वजनिक आवास, महिला सशक्तीकरण, शिक्षा र औद्योगिकीकरणमा काम गरेर सिंगापुरलाई सम्पन्न बनाए । उनलाई बुद्धिजीवीहरूको ठूलो साथ दियो, त्यसमा उनको आँटले पनि काम गरेकै हो । नेपाल लीपथ वा दुर्गतिको मुगाबेपथ कता लाग्दैछ ? यसमा विपक्षीको कति ठूलो हात छ ? यो विषय गम्भीर छ । जनताको मनोविज्ञान विपरित हिड्नु भनेको पतनमार्ग हो । चेतना भया ।








# विश्व खडेरी दिवस र नेपालमा बढ्दो संक्रमणको असर

कल्पना गर्नुहोस्, त्यो पृथ्वी जसले तपाईं हामीलाई शताब्दीयौंदेखि खाना, पानी र जीवन प्रदान गर्दै आएको छ, तर त्यही पृथ्वीले अब आफ्नो उर्वरता गुमाइरहेको छ। खेतहरू बाँझो हुँदै गइरहेका छन्, पानीका स्रोतहरू सुक्दै गइरहेका छन्, र बालुवा माटो जतातततै फैलिरहेको छ। यो मरूभूमिको विस्तारको कथा मात्र होइन, मानव अस्तित्वको बारेमा गम्भीर चेतावनी हो। त्यसैले हरेक वर्षसंयुक्त राष्ट्र संघले प्रत्येक वर्ष जुन १७ मा मरूभूमिकरण र खडेरी विरूद्धको विश्व दिवस मनाउँछ।

यसको उद्देश्य मरूभूमिकरण र खडेरीको उपस्थितिको बारेमा जागरूकता जगाउनु, मरूभूमिकरण रोक्ने तरिकाहरू प्रकाश पार्नु र खडेरीबाट मुक्ति पाउनु हो। प्रत्येक वर्षको विश्वव्यापी उत्सवमा एक अद्वितीय, नवीन जोड छ जुन पहिले विकसित गरिएको छैन। यो दिन संयुक्त राष्ट्र संघको महासभाको प्रस्ताव एरआरईएस ४९-११५ द्वारा जनवरी ३०, १९९५ मा घोषणा गरिएको थियो, जुन मरूभूमिकरण विरूद्धको संयुक्त राष्ट्र महासभाको महासन्धि मस्यौदा तयार भएको भोलिपल्ट हो। बढ्दो मरूभूमीकरण र खडेरीविरूद्ध विश्व समूदायमा जनचेतना फैलाउन र ऐक्यबद्धता कायम गर्नका लागि सन् १९९५ देखि जुन १७ मा यो दिवश मनाउने गरिएको छ।

लगातारको सुख्खा तथा खडेरी मानवका लागि आज जटिल समस्या बन्दै गएको छ। यो समस्या मानव अस्तित्व, खाद्य सुरक्षा र वातावरणीय सन्तुलनसँग प्रत्यक्ष जोडिन पुगेको छ । यो विश्वव्यापी चिन्ताको विषय बनेको छ ।

दिगो विकासको लागि २०३० को एजेन्डाले घोषणा गर्दछ कि हामी दिगो उपभोग र उत्पादन, यसको प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन, र जलवायु परिवर्तनमा तत्काल कारबाही मार्फत ग्रहलाई क्षयबाट जोगाउन प्रतिबद्ध छौं, ताकि यसले वर्तमान र भावी पुस्ताको आवश्यकतालाई लाभ होस्। विशेष गरी, दिगो विकास लक्ष्य भूमिमा जीवनले संयुक्त राष्ट्र संघ र दिगो विकास लक्ष्यमा हस्ताक्षरकर्ता देशहरूको भूमि क्षय रोक्न र उल्टाउन प्रतिबद्धतालाई बताउँछ। राष्ट्र संघको मरूभूमिकरण विरूद्धको महासन्धि (यूएनसीसीडी) १९९४ मा स्थापित भएको थियो। यो कानुनी रूपमा बाध्यकारी अन्तर्राष्ट्रिय सम्झौता हो जसले वातावरण र विकासलाई दिगो भूमि व्यवस्थापनसँग जोड्दछ।




मरूभूमिकरण विरूद्धको संयुक्त राष्ट्र महासन्धिले विश्वव्यापी कार्यलाई परिचालन गर्ने र मरूभूमिकरण विरूद्धको लडाइं र खडेरीको प्रभावलाई कम गर्न राष्ट्रिय कार्य योजनाहरू विकास गर्न देशहरूलाई समर्थन गर्ने लक्ष्य छ।

मरूभूमिकरण:

मरूभूमिकरणलाई प्राय: मरूभूमिको विस्तार भनेर गलत बुझिन्छ, तर वास्तविकता धेरै फराकिलो छ। मरूभूमिकरणले सुक्खा, अर्ध-सुक्खा र सुख्खा उप-आर्द्र क्षेत्रहरूमा उत्पादक क्षमताको क्षति वा जमिनको कमीलाई जनाउँछ। यो अवस्था मुख्यतया मानव गतिविधि र जलवायु परिवर्तनको कारणले हुन्छ। विश्वको एक तिहाइ भन्दा बढी भू-भाग ओगटेको सुख्खा भूमि पारिस्थितिक प्रणाली अत्यधिक दोहन र अनुपयुक्त भूमि प्रयोगको लागि अत्यन्तै जोखिममा छ। यसले गरिब समुदायहरूलाई बढी असर गर्छ जसको जीविकोपार्जन प्रत्यक्ष रूपमा भूमि र प्राकृतिक स्रोतहरूमा निर्भर गर्दछ।

विज्ञहरू विश्वास गर्छन् कि जमिनको क्षयीकरण केवल औद्योगिक गतिविधि वा ठूला स्तरका विकास परियोजनाहरूको परिणाम मात्र होइन। हरेक दिन, हाम्रा निर्णयहरू (हामी के किन्छौं, के खान्छौं, के लगाउँछौं, र हामी कसरी यात्रा गर्छौं) ले भूमि स्रोतहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्छ।

जमिनको क्षयीकरण सुख्खा, अर्ध-सुक्खा र सुख्खा उप(आर्द्र क्षेत्रहरूमा हुन्छ। यो मुख्यतया मानव गतिविधि र जलवायु परिवर्तनको कारणले हुन्छ। यसले अवस्थित मरूभूमिहरूको विस्तारलाई जनाउँदैन। यो किनभने सुख्खा भूमि पारिस्थितिक प्रणाली, जसले विश्वको एक तिहाइ भन्दा बढी भूभाग ओगटेको छ, अत्यधिक दोहन र अनुचित भूमि प्रयोगको लागि अत्यन्तै जोखिममा छ। यसबाहेक, गरिबी, राजनीतिक अस्थिरता, वन फँडानी, अत्यधिक चरन, र कमजोर सिँचाइ अभ्यासहरूले जमिनको उत्पादकत्व घटाउन सक्छ।

खडेरी:

खडेरीलाई वर्षारवर्षामा लामो समयसम्म कमीको रूपमा परिभाषित गरिएको छ, जुन सामान्यतया एक मौसम वा सोभन्दा बढी समयसम्म रहन्छ, जसले गर्दा पानीको अभाव हुन्छ, वनस्पति, जनावरहरू र मानिसहरूलाई प्रतिकूल असर गर्छ। वन डढेलोले पनि खडेरी निम्त्याउन सक्छ, जसले माटोलाई खेतीको लागि अनुपयुक्त बनाउँछ र माटोमा पानीको मात्रा घटाउँछ। जलवायु परिवर्तनको अतिरिक्त, जमिनको क्षयीकरणले खडेरी पनि बढाउँछ।

मरूभूमिकरण र खडेरीको अवस्था:

सन् २००० देखि खडेरीको घटना र अवधि अघिल्ला दुई दशकको तुलनामा २९५ ले बढेको छ (विश्व मौसम विज्ञान संगठन) २०२१ खडेरीले वार्षिक ५ करोड ५० लाख मानिसहरूलाई असर गर्छ, र यो जनसंख्याको तीन चौथाई २०५० सम्ममा खडेरीबाट प्रभावित हुनेछ।

२-३ अर्ब मानिसहरू पहिले नै पानीको तनावको सामना गरिरहेका छन्। हामीमध्ये धेरै भन्दा धेरैले २०४० सम्ममा चार मध्ये एक बच्चा सहित चरम पानीको अभाव भएको क्षेत्रमा बस्नेछौं ( संयुक्त राष्ट्र अन्तर्राष्ट्रिय बाल आपतकालीन कोष) यसरी, कुनै पनि देश खडेरीबाट मुक्त छैन (यूएन वाटर २०२१) भूमिको क्षयीकरण प्रत्यक्ष रूपमा खाद्य र पानी सुरक्षासँग जोडिएको छ। विश्वको जनसंख्याको ठूलो हिस्सा सुक्खा र अर्ध-सुक्खा क्षेत्रहरूमा बसोबास गर्छ। जमिनको उत्पादकत्व घट्दा कृषि प्रभावित हुन्छ, खाद्य उपलब्धता घट्छ र पानीको अभाव बढ्छ। यसले गरिबी, बसाइँसराइ र सामाजिक अस्थिरता जस्ता समस्याहरू निम्त्याउँछ। स्वस्थ भूमिले प्राकृतिक रूपमा कार्बन अवशोषित गर्छ र जलवायु सन्तुलन कायम राख्न मद्दत गर्छ। यसको विपरीत, क्षय भएको भूमिले कार्बन उत्सर्जनलाई बढावा दिएर जलवायु परिवर्तनको प्रभावलाई बढाउँछ। त्यसैले, जलवायु परिवर्तनसँग लड्न भूमि संरक्षणलाई महत्त्वपूर्ण उपकरण हो।

जलवायु परिवर्तनका कारण विश्वका धेरै देशहरू खडेरीको चपेटामा परिरहेका बेला नेपाल पनि यसको असरबाट अछुतो रहन सकेको छैन । हिमाल, पहाड र तराईको विविध भौगोलिक बनोट भएको अवस्थामा पनि नेपालमा पछिल्ला वर्षहरूमा वातावरणीय असन्तुलनले सुख्खा तथा खडेरीको समस्या गम्भीर बन्दै गएको छ ।

नेपालको अर्थतन्त्रको प्रमुख आधार कृषि हो। नेपालको कृषि आकाशे पानीमा निर्भर छ। तर मौषममा आएको परिवर्तन, वढ्दो खडेरी एवं असमान रूपमा हुने गरेको वर्षाले हाम्रो खेती प्रणाली नै धाराशाही बन्दैछ । समयमा पानी नपर्दा हाम्रा बालीहरूको उत्पादन घट्ने मात्र होइन, खाद्य सुरक्षामा समेत चुनौती थपिएको छ। विशेष गरी तराई तथा मधेसका जिल्लाहरूमा खडेरीका कारण खेत बाँझै रहने अवस्था बढ्दै गएको छ। खडेरीको असर कृषि उत्पादनमा मात्र सीमित छैन। पानीका मुहान सुक्दै जाँदा खानेपानीको संकट पनि गहिरिँदै गएको छ। दैनिक उपभोगका लागि चाहिने पानीका श्रोतहरू सुक्दै गएका छन् भने नदीको पानीको वहाव कम हुदा जलस्रोतमा निर्भर जलविद्युत् आयोजनाहरूको उत्पादनमा कमीसँगै ऊर्जा संकटको जोखिम पनि बढेको छ ।यो जलवायु परिवर्तनका प्रभावका परिणाम हुन। नेपालमा ती प्रभावहरू स्पष्ट रूपमा देखिएका छन् । तापक्रम वृद्धि, हिमनदी पग्लिने क्रम, वर्षा चक्रमा परिवर्तन तथा लामो समयसम्म पानी नपर्ने खडेरीको अवस्था बढ्दो छ ।

यस वर्षको मनसुन अझै आउन सकेको छैन। पानी कम परिरहेको छ, गर्मी अत्यधिक बढेको छ। बढ्दो खडेरीको समस्याको न्यूनीकरण गर्ने एक मात्र उपाय भनेको हाम्रा कार्यशैलीमा परिवर्तन गर्नु र प्राकृतिक श्रोत र साधनहरूको संरक्षण गर्नु नै हो।

पानीका स्रोतहरूको संरक्षण, वृक्षारोपण तथा जलवायु अनुकूल कृषि प्रणालीको विकासमा प्राथमिकता दिनु आजको आवश्यक्ता हो। जलवायु परिवर्तनका चुनौतीलाई सम्बोधन गर्न राज्यले स्पष्ट रणनीति अवलम्बन गर्न जरूरी छ। मरूभूमिकरण र खडेरी आज विश्वव्यापी चिन्ताको विषय बनेको छ। यसको प्रभाव कुनै एक देश वा महादेशमा सीमित छैन। यसले विश्वका लगभग सबै क्षेत्रहरूलाई असर गरिरहेको छ। अफ्रिका जस्ता क्षेत्रहरूमा यसको प्रभाव बढी गम्भीर छ। यी चुनौतीहरूलाई सम्बोधन गर्न संयुक्त अन्तर्राष्ट्रिय प्रयास र ठोस रणनीतिहरू आवश्यक छ। यो दिवस मनाउनुको मुख्य उद्देश्य भनेको स्वस्थ भूमि आर्थिक तथा सामाजिक विकासको जग हो भन्ने कुरा मानिसहरूलाई बुझाउनु हो। यसका साथै, यो भूमिको अत्यधिक दोहन र अनुचित प्रयोग रोक्न मानिसहरूलाई प्रेरित गर्नु हो। यसको उद्देश्य बाँझो र क्षयग्रस्त भूमिलाई पुनर्स्थापित गर्न लगानी र प्रयासहरू बढाउनु र प्राकृतिक स्रोत संरक्षणलाई जनआन्दोलनमा रूपान्तरण गर्नु हो। मरूभूमिकरणको चुनौतीलाई सम्बोधन गर्न सरकारले विभिन्न स्तरमा प्रयासहरू पनि गरिरहेको छ। वातावरण, वन तथा जलवायु परिवर्तन मन्त्रालयले भूमि संरक्षण र दिगो विकाससँग सम्बन्धित धेरै नीतिहरू लागू गरेको छ। विश्व मरूभूमिकरण तथा खडेरी न्यूनीकरण दिवस ग्रहको भविष्य सुरक्षित गर्ने प्रतिज्ञा हो। यो दिनले सम्झाउँछ कि भूमिको संरक्षणको लागि ठोस कदम चालिएन भने, भविष्यलाई खाना, पानी र स्वस्थ वातावरण सुनिश्चित गर्नु एउटा प्रमुख चुनौती बन्नेछ। पृथ्वीको हरियाली, उर्वरता र जीवनदायी शक्ति कायम राख्नु हाम्रो जिम्मेवारी हो।

विश्व खडेरी विरूद्ध दिवसले हामीलाई प्राकृतिक स्रोतको संरक्षण र जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणमा आजैबाट सक्रिय नभए भविष्यमा खडेरी अझ भयावह संकटका रूपमा देखा पर्नेछ भन्ने सूचना गरिदिएको मात्र हो। नेपालजस्तो कृषि प्रधान देशका लागि यो केवल वातावरणीय मुद्दा होइन, आर्थिक समृद्धि, खाद्य सुरक्षा र नागरिक जीवनसँग जोडिएको चुनौती पनि हो। विकसित देशहरूले आफु सुरक्षित हुनका लागि धेरै उपायहरू अबलम्बन गरेका छन्, उनीहरूले गरेका कतिपय कार्यले हामी जस्ता साना कम विकसित मुलुकहरूले थप समस्या झेल्नु परेको छ। त्यसैले खडेरी विरूद्ध हामी आफैले सचेततापूर्वक गतिविधि गरौं ।



**डा. केदार कार्की,**
**वरिष्ठ पशु चिकित्सक**

# विद्यार्थीलाई विदेश पठाउने उद्देश्य हुनुहुन्न



**शिशिर सिंखडा-**

कक्षा १२ वा प्लस टू गरेसँगै विश्वका प्रतिष्ठित कलेज र विश्वविद्यालयमा अध्ययन गर्न जाने नेपाली विद्यार्थीहरूको लामो जमात छ। १५ वर्षदेखि शैक्षिक परामर्श क्षेत्रमा सक्रिय क्याम्ब्रिज एजुकेशन कन्सल्टेन्सीका संस्थापक शिशिर सिंखडा बताउनु हुन्छ- जो विद्यार्थी विदेश गएका छन् अधिकांश सफल भएका छन्। तथापि, शैक्षिक परामर्श व्यवसायीलाई दक्ष युवा जनशक्ति पलायन गराएको आरोप पनि छ।

नेपाली विद्यार्थी किन विदेशिइरहेका छन् ? के नेपालमा गुणस्तरीय शिक्षा छैन ?, विदेशमा उच्च शिक्षा हासिल गर्दा के पाइन्छ ?,कस्ता विद्यार्थीहरू विदेश अध्ययनका लागि योग्य हुन्छन् ?, विदेश जानुपूर्व के ध्यान दिने ? लगायतका सवालमा शिशिर भन्छन् :

उच्च शिक्षा हासिल गर्ने सोच लिएर जो विद्यार्थीहरू बाहिर गइरहेका छन् उनीहरू विदेशिएका हैनन्। पलाएन भएका हैनन्। विदेशिनु र ज्ञान आर्जन गर्न जानु नितान्त फरक कुरा हो। आजसम्म जति नेपाली विद्यार्थीहरू विदेश गएका छन् उनीहरूले विदेशमा प्राप्त गरेको सफलता, ज्ञान र सीपलाई नेपाल र नेपालीकै परिचय दिएका छन्।

रहर, कर र देखासिकीमा गएको विद्यार्थीले कहिल्लै सफलता प्राप्त गर्न सक्दैन। फरक भूगोल, फरक परिवेश, फरक भाषा संस्कार र संस्कृतिमा रहेर अध्ययन गर्नु नेपालमा बाबुआमाको काखमा बसेर घुर्काई घुर्काई खाएर पढेको जस्तो हुँदैन। विदेशी भूमिमा प्रत्येक पाइला संघर्ष गर्न सक्नुपर्छ। जसले विदेशी भूमिमा संघर्षको भट्टीमा पग्लिएर आफूलाई निखार्न सक्छ त्यो विद्यार्थी कठिन परिस्थितीबाट उत्रन सक्छ। विदेशमा ज्ञान, सीपको अथाह खानी छ। प्राप्त गर्न पनि विदेश जानुपर्छ।

जसले विदेश गएर उच्च शिक्षा हासिल गर्छु, आफ्नो भविष्य सुधार्छु, हातमा सीप र विश्वब्यापी डिग्री ल्याउँछु भन्ने संकल्पका साथ अगाडी बढेको हुन्छ त्यो विद्यार्थी विदेश अध्ययन गर्न सक्षम हुन्छ। मेहनती, अनुशासित र अध्ययनप्रति प्रतिबद्ध त हुनै पर्यो। आर्थिक पक्ष पनि महत्वपूर्ण हुन्छ। जाने देश र विश्वविद्यालयको शुल्क तिर्न सक्ने आर्थिक क्षमता भएका तथा अभिभावकको स्पष्ट र प्रमाणित आयस्रोत भएका विद्यार्थीहरू विदेश अध्ययनका लागि योग्य हुन्छन्।

शैक्षिक योग्यता र आइलटीएस वा पिटिईको स्कोरका आधारमा १५ प्रतिशत देखि ५० प्रतिशतसम्म विश्वविद्यालय र कलेजबाट छात्रवृत्ति प्राप्त गर्न सकिन्छ। राम्रो जिपिए र भाषा परीक्षाको उत्कृष्ट नतिजाका आधारमा उल्लेखनीय छात्रवृत्ति पाएका प्रसस्त उदाहरणहरू छन्। विदेश अध्ययनलाई केवल 'ब्रेन ड्रेन' भनेर हेर्नु उचित ठान्दिनँ। विदेश अध्ययन ज्ञान, सीप, प्रविधि र अन्तर्राष्ट्रिय अनुभव प्राप्त गर्ने अवसर हो। विश्वका विकसित राष्ट्रहरूले पनि आफ्नो जनशक्तिलाई विदेश पठाएर नयाँ ज्ञान र प्रविधि सिकाएका छन्। उदाहरणका लागि हाम्रै छिमेकी मुलूक चीनले कुनै समय हजारौं विद्यार्थीलाई विदेश पठाएर विज्ञान, प्रविधि र इन्जिनियरिङमा दक्ष जनशक्ति उत्पादन गर्यो। उनीहरूले विदेशमा सिकेको ज्ञान स्वदेश फर्किएर प्रयोग गरेकैले आज चीन विश्वकै शक्तिशाली र समृद्धशशाली देश बनेको हो। विगतमा उच्च शिक्षाका लागि विदेश गएका विद्यार्थीहरू त्यहाँ मात्र सफल भइरहेका छैनन्, त्यहाँ आर्जन गरेको ज्ञान र सीप र अनुभवलाई नेपालमा प्रयोग गरेर राष्ट्र निर्माणमा योगदान गरेका प्रसस्त उदाहरणहरू छन्। तसर्थ, उच्च शिक्षा हासिल गर्न विदेश गएका विद्यार्थीहरूलाई 'ब्रेन ड्रेन'का रूपमा हेरिनुहुन्न।

विदेश जाने सोच बनाउने बित्तिकै आवेदन प्रक्रिया मात्र पर्याप्त हुँदैन। विद्यार्थीले आफ्नो कम्युनिकेशन स्किल विकास गर्नुपर्छ। साथै बारिष्टा, ड्राइभिङ, बेकरी, हेयरकटिङ जस्ता व्यवसायिक सीप सिकेमा अध्ययन गर्दागर्दै त्यहाँको नियम अनुसार पार्ट-टाइम काम पाउन सहज हुन्छ। आजको प्रतिस्पर्धी विश्वमा केवल शैक्षिक प्रमाणपत्रले मात्र सफल बनाउँदैन। विदेशी भूमिमा संघर्ष सजिलो हुँदैन। नयाँ वातावरण, नयाँ संस्कृति, नयाँ कानुन र नयाँ जीवनशैलीसँग घुलमिल हुन समय लाग्छ। क्याम्ब्रिज विगत १५ वर्षदेखि नेपाली विद्यार्थीहरूलाई विदेश अध्ययनका लागि शैक्षिक परामर्श प्रदान गर्दै आएको नेपाल सरकारद्वारा मान्यता प्राप्त संस्था हो। हामीले सधैं विद्यार्थीलाई सत्य, तथ्य र यथार्थमा आधारित परामर्श दिने नीति अपनाएका छौं। आजको समयमा धेरै विद्यार्थी र अभिभावक सही जानकारीको खोजीमा हुनुहुन्छ। हामी विद्यार्थीको शैक्षिक योग्यता, आर्थिक अवस्था, रूचि र भविष्यको लक्ष्य विश्लेषण गरेर उपयुक्त देश, कलेज तथा विश्वविद्यालय छनोटमा सहयोग गर्छौं।

हामीले विदेश अध्ययनमा जान चाहने विद्यार्थी तथा अभिभावकहरूलाई सम्पूर्ण शैक्षिक परामर्श सेवा उपलब्ध गराउँदै आएका छौं। अन्तराष्ट्रिय स्तरमा अष्ट्रेलिया र बेलायतमा समेत हाम्रा शाखा कार्यालय रहेकाले विदेश पुगेपछि विद्यार्थीलाई कुनै समस्या परेमा आवश्यक सहयोग र समन्वय गर्न सहज हुन्छ। विद्यार्थी र अभिभावकका लागि यो भरोसाको विषय हो।

हामीले अष्ट्रेलिया, क्यानडा, बेलायत, न्यूजिल्यान्ड र अमेरिकाका प्रतिष्ठित तथा आधिकारिक शैक्षिक संस्थाहरूसँग सहकार्य गरिरहेका छौं। अष्ट्रेलियाका लिंकन हाइयर एजुकेशन, एआइई हाइयर एजुकेशन, एविआई हाइयर एजुकेशन र अजफोर्ड हाइयर एजुकेशन लगायतसँग काम गरिरहेका छौं। क्यानडाका लागि फेजरभ्याली युनिभर्सिटी, क्यालगरी कलेज अफ म्यानेजमेन्ट, रोयल रोड युनिभर्सिटी, भ्यानियर कलेज, लोयलिस्ट कलेज, युनिभर्सिटी अफ नाएगारा फल्स तथा युनिभर्सिटी अफ क्यानडा वेस्टसँग काम गरिरहेका छौं।

यूकेको कुरा गर्दा रोहाम्टन युनिभर्सिटी, युनिभर्सिटी अफ लण्डन, युनिभर्सिटी अफ लिभरपुल, क्विन्समेरी युनिभर्सिटी अफ लण्डन तथा कोभेन्ट्री युनिभर्सिटी जस्ता प्रतिष्ठीत कलेज र विश्वविद्यालयहरू छन्। विदेश अध्ययन जीवनको महत्वपूर्ण निर्णय हो। अरूको लहैलहैमा लागेर वा सामाजिक दबाबका कारण निर्णय गर्नु हुँदैन। आफ्नो क्षमता, योग्यता, रूचि र भविष्यको लक्ष्यलाई ध्यानमा राखेर निर्णय गर्नुपर्छ।

# Shishir Khanal's China Visit and Nepal's Shift Toward Strategic Economic Diplomacy

**By BINOJ BASNYAT**


Foreign Minister Shishir Khanal's visit to China comes at a moment when South Asia is once again emerging as a central arena of great-power competition. As the international system transitions from an American-led unipolar order toward a more contested multipolar landscape, Nepal finds itself navigating an increasingly complex strategic environment shaped by the intersecting interests of China, India, and the United States.

Kathmandu's message to Beijing, New Delhi, and Washington appears increasingly clear: Nepal seeks investment, technology, connectivity, trade, and growth from all partners while preserving strategic autonomy and avoiding exclusive alignment with any competing power bloc.

Against the backdrop of Nepal's emerging "Smart Neighbourhood Policy," the visit was more than a routine diplomatic engagement. The government's first major foreign visit to India underscored the indispensability of Nepal-India relations, while the subsequent visit to China highlighted Beijing's importance as a source of investment, infrastructure, and connectivity. At the same time, growing interactions with American officials since April demonstrate Kathmandu's intention to maintain broad-based international engagement. Taken together, these developments suggest a policy of strategic diversification rather than strategic alignment.

A particularly important signal from the visit was the government's increasing emphasis on economic statecraft. Khanal repeatedly linked Nepal's economic underperformance, trade deficits, and development challenges to political instability. The implication was clear: foreign policy should increasingly serve national economic objectives.

This represents a shift away from traditional political symbolism toward a more outcome-oriented approach focused on attracting investment, promoting exports, generating employment, facilitating technology transfer, and accelerating economic transformation.



In Beijing, Chinese Foreign Minister Wang Yi conveyed a message centered on deeper strategic cooperation and a stable environment for long-term Chinese engagement. Emphasizing that "a close neighbor is better than a distant relative," Wang underscored China's desire to remain Nepal's most reliable development partner amid changing regional dynamics indicating Mongolia's "Third Neighbourhood Policy" where he just visited. He called for expanding cooperation under the Belt and Road Initiative (BRI), strengthening connectivity, and creating a transparent, predictable, and law-based business environment to facilitate greater Chinese investment.

Wang also commended Nepal's continued adherence to the One-China Principle and its support for China's core interests, including Taiwan and Xizang (Tibet).

China's message reflects broader strategic calculations. Situated between China and India and adjacent to Tibet, Nepal occupies a geopolitical position that exceeds the scale of its economy or military capabilities. For Beijing, Nepal is not merely a neighboring country but an important component of its Trans Himalayan Multi-Dimensional Connectivity Network (THMDCN) and South Asian strategy.

Three themes emerged from China's position: continuity, connectivity, and strategic trust.

First, Beijing seeks policy stability and expects agreements reached with successive governments to be implemented consistently. Second, China continues to view cross-border infrastructure, energy cooperation, transportation networks, and digital connectivity as long-term strategic priorities. Third, Beijing places significant emphasis on political trust, particularly regarding issues related to sovereignty and territorial integrity.

Beneath the language of friendship and development, China also communicated several concerns. The first relates to Tibet and Beijing's expectation that Nepal prevent activities that challenge Chinese sovereignty. The second concerns the expanding presence of the U.S. in Nepal. While China does not oppose Nepal's engagement with Washington, it remains cautious about any developments that could evolve into security arrangements perceived as part of a broader Indo-Pacific strategy aimed at containing China.

In essence, Beijing's message was straightforward: Nepal is free to engage all major powers, but it should not become a platform for activities that undermine China's core security interests.

At the same time, the U.S. has significantly expanded its diplomatic, development, economic, and security engagement across South Asia, including Nepal. Through initiatives such as the Millennium Challenge Corporation (MCC), development cooperation, political exchanges, and institutional partnerships, Washington seeks to strengthen political influence, expand economic opportunities, deepen security cooperation, and ensure that smaller states remain sovereign, open, and not exclusively dependent on any rival power.

This reflects a broader American strategy in South Asia: engage emerging governments early, invest economically, expand security ties gradually, and compete for influence without requiring formal alliances.

For Nepal, the challenge is to manage relationships with multiple major powers without becoming overly dependent on any single actor. As strategic competition intensifies, external powers will increasingly seek influence through investment, aid, infrastructure projects, political engagement, and security cooperation.

Yet this competition also creates opportunities. Nepal can leverage the interests of China, India, the U.S., and other partners to advance its own development priorities, provided it maintains strategic clarity and policy consistency.

The fundamental lesson from Khanal's China visit is that Nepal's diplomacy must be guided by national interests rather than geopolitical narratives crafted elsewhere. Nepal neither benefits from choosing sides nor from becoming a proxy arena for great-power competition.

Instead, Kathmandu's strategic objective should be clear: maintain balanced relations with all major powers, prioritize economic statecraft over geopolitical alignment, preserve sovereign decision-making, and transform external engagement into tangible gains for national development.

As South Asia enters a new era of geopolitical competition, the success of Nepal's foreign policy will not be measured by its closeness to any particular power. It will be measured by its ability to engage all powers while remaining firmly committed to its own interests, sovereignty, and long-term development goals.

In that sense, the larger strategic signal of Khanal's visit to China is that the new government is attempting to redefine Nepal's foreign policy from: "balancing powers politically" to "leveraging all powers economically." If sustained, this would represent a shift toward what might be called: Strategic Economic Diplomacy—maintaining political neutrality while maximizing economic opportunities from India, China, the U.S., and other partners.




Part 3

***Six Takeaways***

*1. This budget appears to represent a shift from managing scarcity to expanding productive capacity.*

*Tax simplification, industrial incentives, startup reforms, digitization, AI, and investment facilitation suggest an attempt to grow the economic pie rather than simply redistribute it.*

*2. The success of this strategy will depend less on policy announcements than on execution. The budget offers incentives for private, diaspora, and foreign investment, but turning one rupee of public effort into five rupees of productive private investment requires functioning institutions, predictable rules, and administrative capacity.*

*3. Even if growth accelerates after the initial phase takes hold, the Finance Minister argues, the question of participation remains.*

*International experience suggests that long-term prosperity becomes durable when farmers, workers, small businesses, entrepreneurs, and regional economies are connected to the growth process.*

*4. Two structural transitions sit quietly behind the budget debate. LDC graduation will test Nepal's competitiveness, while the FATF grey-list challenge will test institutional credibility and financial governance.*

*5. Broad-based participation may ultimately require a shift from political federalism to "development federalism." International experience suggests that high-growth nations often rely on empowered subnational governments to translate national strategy into local growth. If Nepal hopes to achieve its one-to-five multiplier, provinces and municipalities may need to evolve from passive administrative units into active development partners supporting industrial zones, agricultural clusters, tourism corridors, investment promotion, and service delivery.*

*6. The ultimate question extends beyond GDP growth. Nepal's Fourth Century trajectory may depend on whether economic expansion is accompanied by stronger natural capital (Soil), social capital (Soul), and strategic connectivity (Spatial Strategy).*

**The Budget Debate**

The budget has passed.

The real debate is only beginning.

Some see a historic departure. Others see old wine in a new bottle. Some argue that the reforms do not go far enough. Others worry that they move too quickly toward investors, technology entrepreneurs, and market incentives while leaving behind farmers, workers, and vulnerable communities.

Meanwhile, the government's defenders have mounted an equally vigorous response. They point to tax simplification, industrial incentives, digital governance, startup support, diaspora investment, artificial intelligence, regulatory reform, and institutional restructuring as the foundations of a new growth strategy.

What is striking is that this budget fits neatly into neither of Nepal's familiar narratives.

It is not a traditional socialist budget primarily focused on redistribution. Nor is it a "bichaulia budget" built around protecting rents, permits, monopolies, and middlemen. Instead, it appears to be attempting something different: a wager that Nepal can grow its way out of stagnation by improving incentives, encouraging investment, formalizing economic activity, expanding productive capacity, and modernizing the state's operating system while maintaining protections for the most vulnerable.

Whether that wager succeeds remains to be seen as posed by a veteran journalist —only time will tell.

One phrase repeatedly used by Finance Minister Dr. Swarnim Wagle captures the ambition. The goal, he argues, is not simply to spend public money. The goal is to create conditions where one rupee of public effort attracts five rupees of private investment. Today's economy of roughly NPR 21 trillion must eventually become a much larger and more productive economy over the coming years. That is an ambitious vision.

The question is not whether every tax provision in the budget is correct. Nor is it whether every critic or defender is right.

The more useful question may be this: What conditions must exist for one rupee to become fiveæ This, perhaps, is Dr. Wagle's central proposition—and his Arjun Dristi.

History suggests that budgets alone rarely transform countries. Successful transformations occur when budgets are accompanied by deeper institutional, economic, social, and strategic conditions that allow reforms to take root. Viewed from that perspective, three questions become central.

Can Nepal build an economic engine capable of generating investment, productivity, and growthæ

Can that growth become broad-based prosperity rather than remaining concentrated at the top elites.

Can Nepal preserve its soil, renew its soul, and sustain a strategic direction while pursuing growthæ

The answers to these questions may determine whether this budget becomes merely another annual fiscal exercise—or the beginning of a larger national transition.

Let's examine these questions one at a time.

Can Nepal Build an Economic Engineæ

The first condition is whether Nepal can move from a low-productivity, remittance-supported economy toward a more investment-driven, production-oriented economy.

This is where the budget is most ambitious. The budget attempts to reduce the cost of production through reductions in customs duties on industrial raw materials, simplification of customs structures, startup incentives, regulatory reform, digitization, investment facilitation, and support for emerging sectors such as information technology and artificial intelligence.

The underlying logic, as they argue, is straightforward: if production costs fall, compliance becomes simpler, approvals become faster, and investment becomes easier, domestic firms become more competitive. The budget also reflects a deliberate effort to formalize the economy. Many of the controversial measures involving taxation, compliance, and digitization appear less about extracting additional revenue and more about bringing previously informal economic activity into the state's visibility. At the same time, it combines broad-based consumption taxes with income tax relief for the middle class, illustrating the mixed nature of its approach.

Most importantly, the budget attempts to crowd in private, diaspora, and foreign capital because public resources alone are insufficient. The logic being that the public capital expenditure, while important, cannot by itself transform a nation of nearly thirty million people.

Nepal's problem is not simply a shortage of money. There are substantial bank deposits, billions of dollars in annual remittances, diaspora savings, hydropower resources, entrepreneurial aspirations, and growing interest from international investors. The challenge is whether these resources can be converted into productive investment. Dr. Wagle appears to be betting that greater bureaucratic efficiency, regulatory simplification, digitization, and stronger rule of law can improve Nepal's standing under the type of criteria captured by the World Bank's Business Ready (B-READY) framework: the quality of the regulatory framework, the effectiveness of public services, and the operational efficiency with which both function in practice. Put differently, the budget is not only trying to create incentives; it is trying to improve the transmission belt through which those incentives are converted into investment, production, and growth.

A less discussed backdrop to these reforms is Nepal's impending graduation from the United Nations' Least Developed Country category. Whether graduation occurs on the currently scheduled timeline or after a temporary deferral, the direction is clear. Nepal will gradually lose some preferential market access and highly concessional forms of support that have historically cushioned its economy. As those preferences decline, competitiveness must increasingly come from domestic efficiency rather than international exemptions. Seen from this perspective, many of the budget's reforms—customs modernization, digital governance, regulatory simplification, and export competitiveness—can be understood as preparations for a post-LDC economy.

Another challenge is credibility.

Nepal's recent placement on the FATF grey list highlights concerns regarding financial transparency, anti-money-laundering systems, and institutional oversight. Investors increasingly compete among countries not only on tax rates and labor costs but also on trust and regulatory credibility. If LDC graduation creates a competitiveness challenge, the grey-list issue creates a credibility challenge.

Both matter.

International experience offers useful lessons. Following reforms after 2004, Georgia simplified taxes, streamlined customs, reduced bureaucratic friction, and improved business registration. Revenue collection improved largely because compliance improved and trust increased. Estonia dramatically reduced administrative costs through digital governance. Vietnam connected foreign investment, industrial zones, logistics, exports, skills development, and infrastructure into a coordinated production system. South Korea and Taiwan did not simply liberalize markets. They coordinated exports, finance, industrial upgrading, and production ecosystems. The lesson is clear.

Private investment matters, but it rarely appears automatically.

It requires predictable rules, functioning institutions, credible enforcement, infrastructure, market access, and administrative competence.

Wagle's one-to-five ratio assumes a functioning transmission belt. An engine may generate power, but without an efficient transmission system, that power never reaches the road. Likewise, reforms announced in Kathmandu cannot crowd in private investment if permits, land records, customs, utilities, courts, and local administration remain slow or unpredictable.

A related question receives surprisingly little attention in most budget debates: Who owns developmentæ While many of the reforms discussed in this budget operate at the federal level, investment ultimately occurs in places, not ministries. Businesses interact with municipalities, provincial agencies, land offices, utilities, roads, industrial estates, and local institutions. This raises a broader question about whether Nepal's federal system is functioning primarily as an administrative arrangement or as a development system. Finance Minister Wagle has outlined a vision of more integrated regional and economic development, but the specific role of provincial and local governments in translating that vision into growth remains less clearly articulated. Because the success of any growth strategy may ultimately depend on the quality of this transmission belt between national policy and local execution, the issue deserves closer examination (see Appendix B: The Elephant in the Room—Development Federalism). Contd....

# अहंकार सबैभन्दा डरलाग्दो शत्रु हो



डा.शास्त्रदत्त पन्त

भाषा, साहित्य, संस्कृति : देशका सबै भाषा, संस्कृति र साहित्यको समान रूपले विकास गर्नु पर्दछ भन्ने अवधारणा राखी सबै राष्ट्रिय भाषाहरू मिलेर एउटा समृद्ध राष्ट्र भाषा बनाउने, सबै भाषाका शब्द भण्डार समेतबाट नेपाली राष्ट्रभाषालाई यस्तो समृद्ध र स्तरयुक्त बनाइनु पर्दछ कि भाषाज्ञानको प्रयोजन बाहेक अरू प्रयोजनलाई वास्ता गर्न नपरोस् जसले नेपाली विश्वसंग प्रतिस्पर्धा गर्न सकून् । सबै भाषाभाषी तथा संस्कार र संस्कृतिको तथा साहित्यको विकास गराइनु पर्दछ । राजकीय प्रज्ञा प्रतिष्ठानहरू र भाषा, साहित्य, संस्कृतिसँग सम्बन्धित गैससहरू समेत समावेश गरी गहन अध्ययन गरी सबै जातिको सनातन धर्म, भाषा, साहित्य तथा संस्कृतिको सम्बर्द्धन तथा वैज्ञानिक विश्लेषण गर्न पाउने यस्तो वातावरणको सिर्जना गरिनु परेकोछ कि कसैको कहिँ पनि कुनै गुनासो जन्मिन नसकोस् ।

नेपालको आधारशीला बनिसकेको सनातन धर्म र बौद्ध दर्शनको बिद्यमान समन्वयको जग तथा अनेक्तामा एक्ता संस्कार खलबलिन नपाउने र नसकिने जब्बर मूल नीति बन्नुपर्दछ ।

श्रमिक, मजदुर र रोजगारी : देशमा अर्ध बेरोजगारी तथा बेरोजगारी समस्याको स्थायी निबारण हुने, सबैले पूर्ण रोजगार पाउने, मजदुर र उद्योगपति दुवैको संरक्षण हुने, हडताल बन्द तनाव,चन्दा जस्ता कुराबाट उत्पादक्तवको ह्रास हुनबाट रोकिने नीति बनाउनु परेको छ । कृषिक्षेत्रमा रहेको अर्धबेरोजगार श्रम शक्तिलाई पूर्ण रोजगारयुक्त हुने तथा बेरोजगारी समस्याको अन्त्य हुने नीतिबाट मात्र देशबाट गरीबी हटाउन सकिन्छ ।

युवा रोजगार : देशका सबै युवाहरूलाई सिर्जनशील तथा उत्पादनशील क्षेत्रतर्फ आकर्षित गरी युवा शक्तिलाई राष्ट्रवादी, उत्पादनशील, सीपवान्, क्षमतावान्, स्वस्थ र प्रतिस्पर्धात्मक खुबीयुक्त बनाइनु पर्दछ । त्यसकालागि शिक्षा पद्धति देखि संबन्धित सबै पक्षमा आमूल रूपमा रूपान्तरण गर्ने नीति अबलंबन गर्नु पर्दछ ।

जनसंख्या : नेपालमा जनसंख्या एउटा संवेदनशील विषय हो । जनसंख्याको समस्या, आर्थिक, राजनीतिक बाहेक राष्ट्रिय सुरक्षासँग पनि गाँसिएको र नेपालको जनसंख्या बृद्धिको दरले आर्थिक बृद्धिको दरलाई उछिन्को छ । नेपालको जनसंख्या बृद्धिमा उच्च प्रजनन् दर भन्दा ठूलो कारण खुला सीमा पद्धति नै हो ।

गाउँ सचिवालयलाई वैज्ञानिक रूपले विकास गरी १० वर्षे जनगणना र अन्य सर्वेक्षण समेत गर्नु नपर्ने अर्थात सबै आवश्यक तथ्याङ्क स्वत: सधैं अध्यावधिक हुने व्यवस्थित बस्ती पद्धतिको परिवारस्थिति फारम तथा त्यससँग संबन्धित कार्यक्रम लागु गरिनु पर्दछ ।

अकण्ट योजना : प्रत्येक वर्ष राष्ट्रिय स्तरको एक, क्षेत्रीय स्तरका पाँच (प्रत्यक क्षेत्रमा एक एक) जिल्लास्तरका (प्रत्येक जिल्लामा एक एक), प्रत्येक गाउँ एकाइमा गाउँस्तरीय एक एक र प्रत्येक वडामा वडा स्तरीय एक एक गरी प्रत्येक वर्ष पुरा हुने ठोस काम हुनुपर्छ ।

व्यवस्थित बस्तीको अबधारणा : अघिल्ला अध्यायहरूमा हामीले नेपालका विकासका गति किन र कसरी पछाडि परेका हुन भन्ने चर्चा गऱ्यौं । आजसम्म भएका विकासका गतिविधि विषयै (सेक्टर) पिच्छे बेग्लाबेग्लै (In isolation) मात्र भए, सबै सेक्टरलाई एकै ठाउँमा बाँधेर नलगेसम्म सबैले समान अबसर पाउन सक्दैनन्, सबै थोकको समान विकास हुदैन, योजना खर्चिलो हुन्छ, कहिं दोहोरिन्छ कहीं हुँदै हुँदैन, त्यसैले विकास थालिएको आधा शताव्दी बितिसक्दा पनि देशले उन्नति गर्न नसकेको हो भन्ने कुराको राम्ररी विश्लेषण गऱ्यौं ।

पद्धतिका विशेषता : .सेवाको समान बितरण : प्रजातन्त्रमा मानव अधिकार तथा नागरिकका मौलिक हकको त्यस बेला सम्म संरक्षण हुन सक्दैन जबसम्म मानवकृत सुबिधाहरू राज्यले समान रूपमा वितरण गर्न सक्दैन । ९० प्रतिशत गाउँमा बस्नेलाई पछाडि छाडेर देश निर्माण गर्ने विद्यमान काम गराई आफैमा घातक छ । विकासलाई बाधक छ । यस पद्धतिले त्यो अवस्थाको अन्त्य गर्दछ ।

अवसरको समान बितरण : समष्टिगत र सन्तुलित विकास नगरेसम्म देशको संरक्षण हुनै सक्दैन । जबसम्म राज्यले अवसरको समान वितरण गर्न सक्दैन सरकारप्रतिको जन आक्रोशको अन्त्य हुदैंन । आक्रोशित जनताबाट देश निर्माणमा सशक्त सहभागिताको अपेक्षा गर्न सकिदैन । जन मनले सरकारलाई पक्षपातीको रूपमा मूल्यांकन गरिरहेको हुन्छ ।

पूर्ण रोजगारको उपलब्धता : राज्यले आफ्ना शतप्रतिशत नागरिकलाई क्षमता अनुसारका पूर्ण रोजगारको अवसरको प्रत्याभूति गर्न सक्नुपर्दछ, उपलब्ध गराउनु पर्दछ । गराउनु राज्यको दायित्व र पाउनु नागरिकको हक हो । अनि मात्र संविधानप्रदत्त कल्याणकारी राज्यको प्रत्याभूति हुन्छ ।

कृषिको विविधिकरण : कृषिलाई विविधिकरण गरेर तथा कृषि-सीमा निर्धारण नगरेसम्म अर्ध बेरोजगार तथा पुरातनवादी कृषि रोजगारबाट जन शक्तिलाई स्पष्ट रूपमा नछुट्ट्याएसम्म देश औद्योगिकीकरणतिर उन्मुख हुनै सक्दैन तथा प्राकृतिक स्रोत र साधनको सही सदुपयोग हुन सक्दैन । त्यसो भएमा जीवनस्तर उठ्छ ।

शक्ति विकेन्द्रीकरण : स्थानीय एकाइलाई शक्ति विकेन्द्रित गरी सहकारी माध्यमबाट स्वनिर्णय गर्न र सहभागितामूलक स्वनिर्माण गर्ने हुनु पर्दछ । यसमा केन्द्र-स्थानीय एकाइहरूबीच कार्य विभाजन हुन्छ । अहिले केन्द्रको काम के हो र तहतह हुँदै स्थानीय एकाइका काम के हुन् भन्ने कुरा केन्द्रलाई थाहा छैन । केन्द्र अति साना कुरामा अलमलिएको छ । यो पद्धति अनुसार केन्द्रका सबै काम स्पष्ट हुन पुग्दछन् । अहिले राष्ट्रको प्रशासन कसले कहाँ कति गर्ने भन्ने कुरामा स्पष्टता छैन । यसले तल्लो तह वडा एकाइदेखि माथिल्लो तह केन्द्रसम्म दोहोरो नपर्ने गरी विकेन्द्रीकरणको सिद्धान्तको वैज्ञानिक आधार अनुरूप प्रशासन पद्धतिलाई स्पष्ट पार्दछ ।

सबै नागरिकलाई समान गुणस्तरको शिक्षा : सबै नागरिकलाई समान गुणस्तरको शिक्षा प्रदान गर्नु (ज्ञान, सीप र दक्षता ) तथा क्षमता अनुसारको पूर्ण रोजगार प्रदान गरेर सामाजिक संरक्षण सुबिधा उपलब्ध गराउनु राज्यको प्रमुख र अनिवार्य दायित्व हो ।

भू-प्रयोजन नक्सा : भू-प्रयोजन नक्साको अभावमा प्राकृतिक स्रोत र साधनको सही उपयोग हुन सक्दैन; देशका दीर्घकालिन योजना र राष्ट्रिय मूल नीति बन्न सक्दैनन् । भूक्षेत्र र प्राकृतिक स्रोत साधनको मौलिक रूपमा उपयोग हुन सक्दैनन् । देशले विकासको गतिमा फड्को मार्न भू-प्रयोजन नक्साको अनिबार्य आवश्यक्ता पर्दछ ।

दलीय ऐक्यता : दीगो व्यवस्थापकीय अभाव नै कुशासन र कुव्यवस्थापनको जननी हो । राष्ट्रिय मूल नीतिको अभावमा यो व्यवस्थापन हुन सक्तैन । राष्ट्रिय चिन्तन र विकास पद्धतिमा सबै दल वा सत्तामा बस्नेको सधै एउटै धारणा बन्न सक्दैन । दीर्घकालिन योजना र राष्ट्रिय मूल नीति नभए सम्म राजनीति अस्थिर रहिरहन्छ । तरल भइरहन्छ । अस्थिर राजनीतिमा बाहिरी हस्तक्षेप बढी हुन्छ ।

बाहिरी हस्तक्षेपले देशलाई विपन्न बनाउँदछ । त्यसले राष्ट्रियता, राष्ट्रिय एक्ता तथा राष्ट्रिय स्वाभिमान र सार्वभौमिक्तामा नै आँच आउँदछ । नेपालको विद्यमान समस्या यही हो ।

चेतना पहिलो आबस्यक्ता : रबर्ट चेम्बरको 'पछिपरेकोलाई अगाडि भन्ने विकास नीति गलत छ । यसले विकास गराउँदैन बरू द्वन्द्व बढाउँदछ । चेतना पहिलो आबस्यक्ता हो । राष्ट्र समस्टिमा सचेत नभएसम्म कुनैकाम फत्ते हुँदैं, जहासुकै अबरोध आउँदछ । यसले चेतना बढाउँदछ ।

देश आत्मनिर्भर हुने : विदेशी सहयोगमा निर्भर भएसम्म त्यस देशका नागरिक तथा सरकारको आफ्नो देशको विकास गर्ने अठोट र आत्मबल बढ्दैन । आफूभन्दा बढी सम्पन्न हुने गरी कसैले सहयोग दिइरहदैंन । सहयोग लिने आफू सधैं दबिई रहन्छ, बाह्य हस्तक्षेप बढ्दछ ।

राजनीति सिद्धान्तहरू : आवश्यक्ता अनुसारको चयन : सबैखाले राजनीति सिद्धान्तहरू यथार्थमा जनसेवा गर्ने पद्धतिमात्र हुन् । ती पद्धतिलाई सूक्ष्म विश्लेषण गरेर हेर्दा विश्व भरमा जम्मा तीनवटा मात्र पद्धति पाइन्छन् । ती हुन् प्रतिस्पर्धी, संरक्षित र मिश्रित । अर्को शब्दमा पूजीपति, साम्यवादी र मिश्रित । यी तीन बाहेकका दलहरूलाई दम्भ र स्वार्थका कारण थपिएको भनी मान्नु पर्ने हुन्छ, जसले वास्तवमा जनजीवन उठाउने काममा भाँजो हालिरहेका हुन्छन् । विकासोन्मुख देशहरू चर्को रूपमा यस रोगको सिकार भइरहेका छन् जुन रोगको निदान प्रथम विश्वका नागरिकले व्यवहार रूपमै गर्न सक्दैनन् । विकासोन्मुख देशले मौलिक रूपमै सबै तहमा विकास कार्य गर्नु नै यस अवधारणाको एउटा आधार हो ।

वास्तवमा यी र यस्ता सिद्धान्तको मूल मर्म एउटै हो । केवल स्थान, चेतना, संस्कार र जीवन स्तरका आधारमा कुनलाई कति प्राथमिकता दिएर राज्य व्यवस्था संचालन गर्ने भन्ने मात्र कुरा हो । यस विषयलाई विश्वले नै गलत अर्थ्याएर अहंको प्रतिस्पर्धा गरेकोले द्वन्द्वहरू सृजिएका हुन् । आज जसरी द्वन्द्व र तनाव विश्वभरि बढेको छ, त्यो सबै अहंको प्रतिस्पर्धाले गर्दा नै हो ।

# नयाँ शक्ति सन्तुलन र भारतको दोहोरो दबाब



प्रेमसागर पौडेल

नेपाल फेरि एकपटक दक्षिण एसियाको भूराजनीतिक प्रयोगशाला बनेको छ । फरक यति मात्र हो, यसपटक प्रतिस्पर्धा केवल भारत र चीनबीचको पुरानो प्रभाव-दौडमा सीमित छैन । त्यसमा पश्चिमी नेटवर्क, नयाँ पुस्ताको राजनीतिक उभार, पुराना दलहरूको क्षय, रूसको शासन परिवर्तन विरोधी वैश्विक भाष्य र नेपालको आफ्नै अस्थिर राज्य संरचना एकैसाथ मिसिएका छन् । त्यसैले आजको नेपालको संकटलाई केवल सरकार परिवर्तन, दल परिवर्तन वा नेतृत्व परिवर्तनका रूपमा बुझ्नु सतही हुन्छ । भारत अहिले नेपालमा दोहोरो दबाबमा छ । पहिलो दबाब हो, पुराना राजनीतिक दलहरू कमजोर हुँदै गएपछि उसले नयाँ शक्ति संरचनासँग काम गर्नैपर्ने बाध्यता । दोस्रो दबाब हो, ती नयाँ शक्ति संरचना यदि पश्चिमी कूटनीतिक, डिजिटल, गैरसरकारी वा नीति-नेटवर्कसँग बढी जोडिए भने भारतको परम्परागत प्रभावक्षेत्र खुम्चिन सक्छ भन्ने डर । भारतका लागि नेपाल केवल छिमेकी देश होइन । खुला सीमा, सुरक्षा, पानी, ऊर्जा, जनसांख्यिक सम्बन्ध, धार्मिक-सांस्कृतिक निकटता र हिमालय भूराजनीतिका कारण नेपाल भारतको आन्तरिक सुरक्षासँग गाँसिएको क्षेत्र हो । भारतीय दूतावासकै विवरणअनुसार भारत र नेपालबीच खुला सीमा, गहिरो जनस्तरीय सम्बन्ध र ऐतिहासिक-सांस्कृतिक निकटता रहेको छ । भारत न नेपाललाई पूर्ण रूपमा पश्चिमी प्रभावमा जान दिन चाहन्छ, न पूर्ण चिनियाँ रणनीतिक छातामुनि पुगेको हेर्न चाहन्छ । उसको मूल उद्देश्य नेपालमा आफ्नो न्यूनतम रणनीतिक गहिराइ सुरक्षित राख्नु हो । दिल्लीका लागि सबैभन्दा ठूलो प्रश्न यो होइन कि काठमाडौंमा कुन दल सत्तामा छ । प्रश्न यो हो कि काठमाडौंको नीतिगत दिशा, पूर्वाधार साझेदारी, डिजिटल संरचना र बाह्य लगानीको ढाँचा कसको प्रभावमा बन्दैछ । त्यसैले भारतले नयाँ नेतृत्वसँग सम्बन्ध सुधार्ने भाषा बोल्छ । तर भित्रभित्रै उसले चीनको रणनीतिक प्रवेश, विशेषत: पूर्वाधार, ऊर्जा, सञ्चार, सीमा-व्यवस्थापन र उत्तरी मार्गहरूमा बढ्दो सक्रियतालाई नियन्त्रण गर्ने नीति अपनाउँछ ।

नेपालका परराष्ट्रमन्त्री शिशिर खनालको जुन ५ देखि ७, २०२६ सम्म भारत भ्रमण र त्यसको एक हप्तापछि जुन १४ देखि १७ सम्म चीन भ्रमण आफैंमा यही नयाँ सन्तुलनको संकेत हो । नेपाल सरकारको परराष्ट्र मन्त्रालयले भारत भ्रमणलाई भारतीय विदेशमन्त्री एस. जयशंकरको निमन्त्रणामा भएको औपचारिक भ्रमण बताएको छ भने चीन भ्रमणलाई वाङ यीको निमन्त्रणामा भएको औपचारिक भ्रमणका रूपमा सार्वजनिक गरेको छ । यो क्रम संयोग मात्र होइन । नयाँ सरकारले भारतलाई पहिलो आश्वासन र चीनलाई दोस्रो आश्वासन दिन खोजेको देखिन्छ । तर समस्या यहीँ छ । काठमाडौंले यसलाई सन्तुलन भन्छ, दिल्लीले यसलाई निगरानी गर्छ, बेइजिङले यसलाई विश्वासको परीक्षा ठान्छ, वाशिङ्टनले यसलाई अवसरका रूपमा हेर्छ, र मस्कोले यसलाई शासन परिवर्तनका वैश्विक ढाँचाभित्र पढ्ने प्रयास गर्छ ।

नेपालमा पुराना दलहरूको कमजोर हुँदै गएको जनाधारले भूराजनीतिक गणित बदलेको छ । लामो समयसम्म भारत, चीन र पश्चिमी शक्तिहरूले नेपालका स्थापित दल, तिनका शीर्ष नेता, ब्यूरोक्रेसी, सुरक्षा संयन्त्र र राजकीय संस्थाहरू मार्फत आफ्नो पहुँच बनाएका थिए । तर जब जनअसन्तोष, भ्रष्टाचार विरोधी भावना, युवापुस्ताको डिजिटल आक्रोश र वैकल्पिक राजनीतिक आकांक्षा एकै ठाउँमा आयो, पुरानो समीकरण चर्कियो । सन् २०२५ को जेन-जी आन्दोलनबारे पूर्वी एसिया फोरमले यसलाई भ्रष्टाचार, सामाजिक अन्याय, आर्थिक निराशा र राज्य दमनबाट उब्जिएको गहिरो संकटका रूपमा व्याख्या गरेको छ । हार्वर्ड मानवीय पहलसँग सम्बन्धित विश्लेषणले पनि आन्दोलनलाई केवल सामाजिक सञ्जाल प्रतिबन्धको प्रतिक्रिया नभई भ्रष्टाचार, दण्डहीनता र राजनीतिक उत्तरदायित्वको संकटसँग जोडेको छ ।

तर भूराजनीतिमा जनआन्दोलन कहिल्यै केवल घरेलु घटना रहँदैन । विशेषत: नेपालजस्तो भूस्थानमा रहेको देशमा कुनै पनि राजनीतिक भूकम्पले छिमेकी र महाशक्तिहरूलाई सतर्क बनाउँछ । भारतलाई डर छकि पुराना दल कमजोर भएपछि उसको दशकौं पुरानो पहुँच प्रणाली कमजोर हुन्छ । चीनलाई डर छ कि नयाँ राजनीतिक पुस्ता पश्चिमी भाषा, डिजिटल प्लेटफर्म, पारदर्शिता, उदार लोकतन्त्र र वैदेशिक फन्डिङ संरचनासँग बढी सहज हुन सक्छ । पश्चिमलाई अवसर छ कि पुरानो भ्रष्ट र असक्षम राजनीतिक संरचनाबाट निराश नयाँ पुस्तामा लोकतान्त्रिक सुधार, सुशासन, डिजिटल शासन, भ्रष्टाचार विरोधी एजेन्डा र बजार-केन्द्रित विकासको भाषा मार्फत प्रभाव बढाउन सकिन्छ । रूसलाई भने यसमा अर्को ढाँचा देखिन्छ, जसलाई उसले सर्बिया, जर्जिया, युक्रेन, मध्य एसिया वा अरू क्षेत्रमा देखिएको रङ्गीन क्रान्तिको भाष्यसँग तुलना गर्नसक्छ । रूसले सर्बियाका विरोध प्रदर्शनहरूबारे पनि कलर रिभोलुसनका विधिहरू प्रयोग भएको हुन सक्ने टिप्पणी गरेको थियो, जसले मस्कोको व्यापक विश्वदृष्टि देखाउँछ । यही कारण भारतको अवस्था जटिल छ । उसले नेपालमा पश्चिमी उपस्थिति पूर्ण रूपमा अस्वीकार गर्न सक्दैन, किनकि भारत आफैं अमेरिका, जापान, युरोप र क्वाड संरचनासँग रणनीतिक सहकार्य गरिरहेको छ । तर उसले नेपालको भूराजनीतिक निर्णयहरूमा पश्चिमी स्वायत्त प्रभाव अत्यधिक बढेको पनि चाहँदैन । दिल्लीलाई डर छ, यदि काठमाडौंमा नयाँ शक्ति पश्चिमी नीति-सर्कल, डिजिटल कम्पनी, लोकतन्त्र प्रवर्द्धन नेटवर्क, नागरिक समाज र विकास सहायता संरचनासँग सीधै जोडियो भने भारतको मध्यस्थ भूमिका कमजोर हुन्छ । भारत सधैं नेपालमा पश्चिमी सहयोगलाई आफ्नो सुरक्षा समझदारीसँग मिलेको हदसम्म स्वीकार गर्छ, तर त्यो सहयोग भारतलाई बाइपास गरेर नेपाललाई स्वतन्त्र रणनीतिक प्लेटफर्म बनाउने दिशामा गयो भने उसलाई असुविधा हुन्छ ।

चीनको दृष्टिकोण झन स्पष्ट छ । चीनका लागि नेपाल तिब्बतसँग जोडिएको संवेदनशील भूभाग हो । त्यसैले नेपालमा राजनीतिक अस्थिरता, बाह्य सक्रियता, सीमापार सम्पर्क, डिजिटल प्लेटफर्म, धार्मिक नेटवर्क, एनजीओ उपस्थिति र पश्चिमी मानवअधिकार भाष्य सबै सुरक्षा दृष्टिले अर्थपूर्ण हुन्छन् । चीनले नेपालसँग बेल्ट एन्ड रोड इनिसिएटिभ अन्तर्गत आपसी सहमतिका आधारमा आर्थिक वृद्धि, दिगो विकास, आर्थिक सम्बन्ध र जनस्तरीय आदानप्रदान अघि बढाउने समझदारी गरेको छ । पछिल्लो भेटमा पनि चीनले नेपाललाई सडक, ऊर्जा प्रसारण, बन्दरगाह, उड्डयन र सीमापार पूर्वाधार मार्फत भूपरिवेष्ठितबाट भू-जोडिएको मुलुक बनाउने भाष्य दोहोर्याएको छ । तर चीनको समस्या परियोजना घोषणामा होइन, विश्वासमा छ । नेपालमा चीनप्रति सद्भाव राख्ने राजनीतिक, बौद्धिक र सामाजिक समूहहरू भए पनि परियोजना कार्यान्वयन, प्रशासनिक ढिलाइ, वित्तीय मोडेल, स्थानीय राजनीतिक प्रतिस्पर्धा र भारतीय संवेदनशीलता साथै उसकै केही नीतिगत र ब्यवहारिक कमजोरीका कारण चीनको प्रभाव अपेक्षित रूपमा संस्थागत हुन सकेको छैन । चीनले नेपालमा स्थायित्व चाहन्छ, तर पुराना दलहरू कमजोर भएपछि उसले कसलाई दीर्घकालीन साझेदार मान्ने भन्ने प्रश्न जटिल बनेको छ । नयाँ शक्तिसँग काम नगरी हुँदैन, तर ती शक्तिहरू पश्चिमी भाषा र नेटवर्कसँग नजिक देखिएमा चीन सतर्क हुन्छ । अमेरिका र पश्चिमी साझेदारहरू नेपालमा विकास, लोकतन्त्र, सुशासन, ऊर्जा, पूर्वाधार र संस्थागत सुधारको भाषामा प्रवेश गर्छन् । एमसीसीको नेपाल कम्प्याक्ट ५० करोड अमेरिकी डलरको परियोजना हो । जसले विद्युत उपलब्धता, सडक गुणस्तर र नेपाल-भारत सीमापार विद्युत व्यापारलाई सहजीकरण गर्ने लक्ष्य राखेको छ । यी परियोजनाहरू आर्थिक दृष्टिले उपयोगी हुन सक्छन्, तर नेपालजस्तो संवेदनशील भूभागमा पूर्वाधार केवल पूर्वाधार मात्र हुँदैन । प्रसारण लाइन, डिजिटल भुक्तानी, ऊर्जा व्यापार, सडक, डाटा संरचना र नीति सुधार सबैले दीर्घकालीन रणनीतिक निर्भरता निर्माण गर्न सक्छन् ।

यहीँ भारत र पश्चिमबीच अदृश्य तनाव देखिन्छ । एमसीसीले नेपाल-भारत ऊर्जा व्यापारलाई सहयोग पुर्याउँछ, त्यसैले भारतका लागि यसको उपयोगिता छ । तर यदि यही पश्चिमी संरचना नेपालमा भारतीय प्रभावभन्दा स्वतन्त्र राजनीतिक नीतिगत प्रभावमा परिणत भयो भने दिल्ली असहज हुन्छ । भारत नेपालको पश्चिमीकरण चाहँदैन, तर चीनकरण पनि चाहँदैन । उसको लक्ष्य नेपाललाई भारत-मैत्री, चीन-सावधान र पश्चिम-नियन्त्रित सन्तुलनमा राख्नु हो । रूसको भूमिकालाई पनि हल्का रूपमा लिन मिल्दैन, यद्यपि रूस नेपालमा भारत वा चीनजस्तो प्रत्यक्ष निर्णायक शक्ति होइन । मस्कोको दृष्टिमा आजको विश्व संघर्ष पश्चिमी प्रभुत्व र बहुध्रुवीय व्यवस्था"बीचको हो । रूसी विदेशमन्त्री सर्गेई लाभरोभले संयुक्त राष्ट्रसंघमा दिएको भाषणमा पश्चिमले विश्वलाई हामी र उनीहरूमा विभाजन गर्ने, सार्वभौमिकता उल्लंघन गर्ने र गोल्डेन बिलियन"को हितअनुसार विश्व व्यवस्था चलाउने प्रवृत्तिको आलोचना गरेका थिए । त्यसैले नेपालमा सत्ता परिवर्तन, युवा आन्दोलन, डिजिटल समन्वय र पश्चिमी लोकतान्त्रिक भाष्यको उदयलाई मस्कोले स्वत: शंकाको नजरले हेर्ने सम्भावना हुन्छ । नेपालबारे प्रत्यक्ष आधिकारिक रूसी टिप्पणी सार्वजनिक स्रोतमा स्पष्ट रूपमा देखिएन, तर रूसको व्यापक भाष्यले यस्ता घटनालाई स्वस्फूर्त जनअसन्तोष मात्र नभई बाह्य प्रभावबाट निर्देशित शासन परिवर्तनको ढाँचामा पढ्ने प्रवृत्ति देखाउँछ । नेपालका लागि सबैभन्दा ठूलो जोखिम यही हो । यदि नेपालले आफ्नै राष्ट्रिय स्वार्थको स्पष्ट ढाँचा बनाएन भने उसको आन्तरिक राजनीति बाह्य शक्तिहरूको व्याख्याको विषय बन्नेछ । भारतले सुरक्षा चिन्ता भन्नेछ । चीनले स्थायित्व र गैरहस्तक्षेप भन्नेछ । अमेरिका र पश्चिमले लोकतन्त्र र सुशासन भन्नेछन् । रूसले सार्वभौमिकता र शासन परिवर्तन विरोधी भाष्य भन्नेछ । तर यी सबै भाष्यको बीचमा नेपालको आफ्नै आवाज हराउने खतरा छ ।

नेपालको नयाँ शक्ति संरचनाले बुझ्नुपर्ने कुरा के हो भने अन्तर्राष्ट्रिय शक्तिहरूले नेपाललाई भावनात्मक रूपमा होइन, रणनीतिक रूपमा हेर्छन् । भारतका लागि नेपाल हिमाली सुरक्षा परिधि हो । चीनका लागि नेपाल तिब्बत-सुरक्षा र दक्षिण एसियाली प्रवेशद्वार हो । पश्चिमका लागि नेपाल लोकतान्त्रिक, विकासात्मक र इन्डो-प्यासिफिक संवेदनशीलता भएको भूभाग हो । रूसका लागि नेपाल बहुध्रुवीय विश्वमा सानो तर प्रतीकात्मक स्थान राख्ने देश हो । जहाँ पश्चिमी प्रभावविरूद्ध वैकल्पिक भाष्य स्थापित गर्न सकिन्छ ।

त्यसैले नेपालले गर्नुपर्ने पहिलो काम हो, विदेश नीतिको संस्थागत निरन्तरता निर्माण । सरकार बदलिँदा भारत नीति, चीन नीति, अमेरिका नीति र रूस नीति बदलिने अवस्था रहिरह्यो भने नेपाल सधैं अरूको खेल मैदान बन्नेछ । दोस्रो, सबै ठूला परियोजनामा पारदर्शिता र राष्ट्रिय सुरक्षा परीक्षण अनिवार्य हुनुपर्छ । द्यच्क्ष होस् वा :ऋत्रऋ, भारतीय ऊर्जा सम्झौता होस् वा पश्चिमी डिजिटल साझेदारी, तिनलाई दलगत लाभ, व्यक्तिगत पहुँच वा कूटनीतिक दबाबका आधारमा होइन, राष्ट्रिय हित, ऋण-जोखिम, डाटा सार्वभौमिकता, रोजगारी, प्रविधि हस्तान्तरण र दीर्घकालीन निर्भरताका आधारमा मूल्याङ्कन गर्नुपर्छ । तेस्रो, नेपालले भारतलाई चिढ्याएर चीनसँग नजिकिने वा चीनलाई सन्देहमा राखेर पश्चिमसँग अघि बढ्ने छोटो बाटो रोज्नु हुँदैन । सानो राज्यको शक्ति उत्तेजक भाषणमा होइन, स्थिर, पूर्वानुमानयोग्य र बहुस्तरीय कूटनीतिमा हुन्छ । नेपालले भारतसँग खुला सीमा, ऊर्जा व्यापार, श्रम, सुरक्षा र सांस्कृतिक सम्बन्ध व्यवस्थापन गर्नुपर्छ । चीनसँग पूर्वाधार, व्यापार, पर्यटन, उत्तरी नाका र औद्योगिक सम्भावना अघि बढाउनुपर्छ । पश्चिमसँग प्रविधि, शिक्षा, सुशासन, लगानी र संस्थागत सुधार लिनुपर्छ । रूससँग ऊर्जा, शिक्षा, कूटनीतिक बहुध्रुवीयता र रणनीतिक संवादको क्षेत्र खुला राख्नुपर्छ ।

अन्तत: भारतको दोहोरो दबाब नेपालको संकट मात्र होइन, नेपालको अवसर पनि हो । जब भारत न पूर्ण पश्चिमी प्रभाव चाहन्छ न पूर्ण चिनियाँ प्रभाव, तब नेपालले सावधानीपूर्वक आफ्नो स्वायत्त स्थान बनाउन सक्छ । तर त्यसका लागि नेतृत्व परिपक्व हुनुपर्छ । भावनात्मक राष्ट्रवाद, सामाजिक सञ्जाली लोकप्रियता र आकस्मिक कूटनीतिक प्रतिक्रिया पर्याप्त हुँदैनन् । नेपालले आफ्नो भूगोललाई बोझ होइन, सौदाबाजी शक्ति बनाउन सक्नुपर्छ ।

आजको प्रश्न यो होइन कि नेपाल भारततिर जान्छ कि चीनतिर, पश्चिमतिर जान्छ कि बहुध्रुवीयतातिर । वास्तविक प्रश्न हो, नेपाल आफैंतिर फर्किन्छ कि फर्किंदैन । यदि नेपालले राष्ट्रिय हितमा आधारित स्पष्ट कूटनीतिक सिद्धान्त बनायो भने भारतको दबाब, चीनको अपेक्षा, पश्चिमको सक्रियता र रूसको भाष्य सबैलाई सन्तुलनमा राख्न सक्छ । तर यदि नेपाल आन्तरिक अस्थिरता, भ्रष्ट राजनीतिक संरचना, अस्पष्ट विदेश नीति र बाह्य शक्तिप्रतिको मनोवैज्ञानिक निर्भरतामा अल्झिरह्यो भने उसको सार्वभौमिकता कागजमा बलियो र व्यवहारमा कमजोर बन्दै जानेछ । नेपालको भविष्यको परीक्षा यही हो ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८३ असार ९, June 23, 2026





## अन्तिम पातो - शाश्वत शर्मा

# पापडतिर पनि ध्यान दिनुपर्‍यो

शान्ति र लोकतन्त्रका लागि पेशागत सञ्जाल (पापड) ले गतहप्ता शुक्रवार माइतीघरतिर एउटा र्‍याली निकाल्यो । पेशागत भनिए पनि सहभागी सबैजसो गत भदौ २३ र २४ भन्दा अघिका सत्तारूढ दलसँग आवद्ध धेरै थिए । चिकित्सक संघ, नेपाल बार, इन्जिनियर्स एशोसियशन, नेपाल पत्रकार महासंघहरूको सहभागिता रहेको उक्त र्‍यालीको मुख्य नारा थियो- वर्तमान बालेन साह सरकारको कार्यशैलीले लोकतन्त्रका आधारभूत मूल्यमान्यता कमजोर बनायो । यो नाराको भित्री कुत्सित उद्देश्य चैं अर्कै थियो भन्ने लख काट्न सकिन्छ । होला, वर्तमान सरकारका कामकारवाहीले सीमा नाघेका होलान् । कानुन, ऐन र नियम कतिपय अवसरमा संविलानलाई समेत नजरअन्दाज गरे होलान, तर जनताले कुनै आपत्ति जनाएका छैनन् । यसकारण भन्नैपर्छ, भदौ २३ अघि र २०४६ पछि जस्तो अराजकता, भ्रष्टाचार, लूट, राष्ट्रघात चाहिं गरेको छैन । त्यसो त सरकार गठन भएको सयदिन पनि पुगेको छैन । तसर्थ अहिले नै गाली बिरोध वा मूल्याङ्कन गर्नुको कुनै तुक पनि छैन । तैपनि हिजोका बिकृति, बिसंगतिलाई सफा गर्ने क्रममा केही कडाइ गर्दा तलमाथि पर्न गएको हुनसक्छ ।कहिं कतै यो असक्षम संविधानका मूलभूत कुराहरूलाई मिचिएको हुनसक्छ । कमसेकम भ्रष्टाचार, नाताबाद र लूटतन्त्रको नाङ्गो नाचचाहिं देखिएको छैन । सबैले बुझ्नैपर्ने विषय के हो भने यो सरकार परिवर्तनका लागि काम गर्न आएको हो, काम गर्न दिनुपर्छ ।

हो, गत जेठ १७ गते नेपालले पनि भारतको जमिन मिचेको छ र साथीजसरी मिलेर सीमा समस्या समाधान गर्ने छौं भनेर दिएको अभिव्यक्तिलाई लिएर विपक्षीले ठूलै हल्लाखल्ला गरेका छन् । खास कुरो परराष्ट्र मन्त्रीले जवाफ दिइसकेका छन् । यो सरकारले राष्ट्रको शिर झुकाउने काम गरेको छैन । भ्रष्टाचारमा शून्य सशनशीलता अपनाउने क्रममा केही कडाइ भएकै हो । भ्रष्टाचारको गन्दकी सफा गर्ने कि नगर्ने ? अख्तियारका पदाधिकारीलाई प्रधानमन्त्री कार्यालयमा ९ घण्टा थुनियो, करका दर हेरफेर गरियो भन्दै यही विषयमा तानाशाही भयो, लोकतन्त्र नै समाप्त पार्न लाग्यो भनेर हुइया गर्नुको तुक केही देखिदैन । सरकारका मन्त्रीले सवालको जवाफ दिइसके । गृहमन्त्रीलाई सुनपानी हालियो, संसदीय छानबिन भएन जस्ता कुनै विषय नै नभएजस्तो विपक्षी अल्झिरहेका छन् । खास कुरो जनजिविकाको छ, सुशासन र विकासको छ । संविधान संशोधनको बहसपत्र तैयार हुँदैछ, कसरी संशोधन गर्ने हो । त्यसतिर विपक्षी दलहरूको कुनै ध्यान नै गएको छैन ।

जहाँसम्म पापड नामक संस्थाको प्रदर्शनको कुरो छ, त्यसमा सबै पुराना भ्रष्ट दलहरूका प्रतिनिधिहरूमात्र छन् । तिनलाई लोकतन्त्र, विधिको शासन, प्रेस स्वतन्त्रता, मानवाधिकार, सुशासन आदिभन्दा दानापानी बन्द भएकोमा चिन्ता छ । आआफ्ना दलका सरकारहरू हुँदा विभिन्न शिर्षकमा रकम लिएर आआफ्ना स्वार्थ पूरा गर्दै आएकाहरूको अहिले दानापानी बन्द भएको छ । अब यो पापडलाई जसरी भए पनि बालेन सरकारको रास्वपाको सरकारलाई हटाउनु छ । संसदको अंकगणितबाट सकिएन, तसर्थ ती दलका भ्रष्ट नेताहरूको निर्देशनमा यस्ता र्‍याली प्रदर्शन आयोजना गरिएका हुन् भनेर बुझौं । हिजोका दिनमा, गत सालको भदौ २३ अगाडि र ०४६ पछिका दिनहरूको कुरा गर्दा त हरेक दिनजसो संविधान मिचिन्थ्यो, भ्रष्टाचारका समाचार सुन्नमा आउँथ्यो, नेपाल र नेपालीको शिर निहुरनेमात्र होइन, नुहिनेगरेको थियो । कुशासक, बेथिति, अराजकता त राष्ट्रको पर्यायवाची नै बनेको थियो । तर अहिले, सफाइको काम हुँदैछ । त्यसमा कडाइ त हुन्छ नै । हिजोको दिनमा जस्तो जेमन्त गर्ने छुट पापड वा कसैलाई पनि कहाँ हुन्छ र ? बालेनले भनेका पनि छन्, काम गर्ने हो, काम गर्दा कसैका सामु झुक्दिन । झुक्ने छैन । त्यसकारण उडन्ते र स्वार्थयुक्त र्‍याली, प्रदर्शनहरूमा राष्ट्रभक्त नेपाली अल्मलिने छैनन् । पर्खौं, बालेन सरकारले गरेको सफाइ र विकास अभियान हेरौं । भ्रष्टाचारीहरूको जेलयात्राको दृश्य हेर्न पर्खौं । चुरो कुरो, संविधान संशाधनमा आम नेपालीको भावनालाई समेटिन्छ कि समेटिन्न ? त्यो विचार गरौं । पुराना दल र नेताहरूले जनताको आँखामा भ्रम छरेर सडक तताउने दिन सकिएजस्तो छ । ०४६ पछि, अराजनीतिक, सिद्धान्तहीन गठबन्धन गरेर विदेशीको सामलमा राजालाई तर्साउन सजिलो भएको थियो । बालेन सरकार त जनादेश लिएर आएको जनताको सरकार हो । यो सरकारले जनतासँग करार गरेको छ, वचनबद्धता गरेको छ, त्यो अनुसार काम गर्छ भने त्यो मतादेश हो, जनबलमा भएको मान्नुपर्छ । जनतालाई मूर्ख बनाउने आयाम सकियो । माइतीघरका सडकमा पापड वा अन्य यस्तै नाममा शक्ति प्रदर्शन गर्नुको अर्थ छैन अब । नागरिकलाई शरणार्थी बनाएर, राष्ट्रका सम्पत्ति बेचीखानेहरूले विधिको शासनका नाममा बोलेको सुहाउँदैन । बालेन सरकार काम देखाउ, काम चाहियो ।

# नयाँ बजेट आयो : कसले के पायो, के गुमायो ?



**सुरेशकुमार पाण्डे**

बालेन शाह नेतृत्वको सरकारमा वर्ष २०८३/८४ का लागि डा.स्वर्णिम बाग्लेले नयाँ बजेट ल्याएका छन् । जसलाई जनताले सदियौंसम्म सम्झिरहने छन् ।

आर्थिक वर्ष २०८३/८४का लागि तैयार पारेको बजेटको खाका २१खर्ब २४ अर्ब र ३४ करोड रूपैंया बराबरको बजेट सार्वजनिक गरिएको छ । संघीय संसदको संयुक्त बैठकमा उक्त बजेटको आकारबारे जानकारी गराएकाछन् ।सरकारले बिभिन्न प्रदेशका पूर्वधार, प्रयाटन, उद्योग, सडक तथा सिंचाईमा जोड दिएको देखिन्छ ।

बजेट जति धेरै भएपनि त्यसको आयश्रोतमा निर्भर रहन्छ । हाम्रो देशको आयश्रोत भनेको राज्यस्व कर, रेमिट्यन्स र विदेशी ऋण र अनुदानमा निर्भर छ । सरकारले शिक्षा, स्वास्थ्य, सुरक्षा र रोजगार साहित्य क्षेत्रमा चित्तबुझ्दो योजना अगाडी सार्न सकेको देखिएन तर कतिपय पोप्लिष्ट प्रकारका योजना भने रेमिट्यन्स जुटाउन अगाडी सारिएको छ । त्यो हो रिमिट्यान्स भित्राउन गरेको लाटरी सिस्टम ।

देशभित्र युवाहरूको श्रमशक्ति लगाउने कुनैपनि योजना सरकारले अगाडी सार्न सकेको छैन । युवाहरूलाई देशमा फर्किन प्रोत्साहन दिने भनेर भनिएको छ । भनेर मात्र के हुन्छ ? कषि क्षेत्रमा सिंचाईका लागि जोड दिएको छ त्यसको ठोंस योजना पनि आएको छैन । सक्नेले छोड्ने, नसक्नेलाई जोड्ने । यो आदेश पनि हास्यसपद देखिन्छ । आर्थिक सुविधा लिएकाले छोड्न त्यती सजिलो छैन ।

हुनुपर्ने के हो भने सरकारले यसलाई वर्गिकृत गरेर जानुपर्छ । गरिबहरूलाई जुनसुकै जातका भएपनि सहयोगको नीति अप्नाउने उनि हरू गरिबहरूले गास बास र कपासको जोह गर्न सकुन् र स्वास्थ्य, शिक्षा र सुरक्षा हौस् ।

वृद्धाहरूलाई पेन्सन पनि जरूरत उनैलाई छ जो गरिब छन् जस्को आयश्रोत छैन ।उनिहरूको लागि आरक्षण हुनुपर्ने । सिटिजन सुविधा औषधी उपचारमा निशुल्क हुनुपर्ने त्यसबाट सबैको फाइदा हुनसक्छ । कृषकहरूलाई प्रोत्वसहान दिन उनिहरूको फसलको समेत बिमा योजना हुनुपर्ने । मल बिउ र सिचाईका लागि कुनै ठोस योजना हुनुपर्ने हो ।तर त्यसको लागि पनि खासै पहल भएको देखिएन ।

अहिले सरकारले सडकमा धेरै जोड दिएको देखिन्छ ।सडक चाक्लो गराएर मात्र दुर्घटना रोकिदैन । सडकको लगातार मिन्टीनस गर्नुपर्दछ । जो सडक छन् उनिहरू अव्यवस्थित अवस्थामा छन् । तिनिहरूको व्यवस्थापन र पहाडी भेगका सडको किनारमा वृक्ष रोपण गर्नुपर्दछ । अव्यवस्थित नालाहरू लाई ब्यवस्थित बनाउने र यात्रायातमा सुधारको आवस्याकता छ ।यातायात व्यवस्थित गराउन सरकारी साधन र सरकारी कर्मचारी चालक तथा परिचालाक सरकारी हुनुपर्द छ । त्यस्तै सरकारी शिक्षा प्रणालिमा सुधारका लागि सबै सरकारी कर्मचारी जनप्रतिनिधिहरूका बालबालिकाहरू सरकारी स्कुलमा भर्ति भएको जानकारी नलिएर उनिहरूलाई तलब नदिन संवन्धित निकाएंमा पत्र पठाउन र चेक जांज गर्नुपर्दछ । मात्र घोषणा गरेर आफ्नो जिम्मा पुरा भएको संझिनु हुंदैन । पूरा गर्ने प्रतिवद्धता व्यवहारमा देखिनुपर्छ ।

कुनैपनि राजनैतिक गर्नु नागरिकको स्वतन्त्रता र नैसङ्गिक अधिकार हो । आधारभूत शिक्षा, सुरक्षा र स्वास्थ्यको ज्ञारन्टी सरकारले लिनुपर्छ ।

अहिले सरकारले जसरी गरिब सुकुम्बासीलाई गदडेको छ त्यसले जसरी उनिहरूको टहरा भत्काईदिएको छ । उनिहरूको क्षतिपूर्ति कसको खातामा आउने ? जनतासङ्ग कर बढाएर, भ्याट बढाएर उनिहरूलाई आजित बनाएर देशलाई लज्जित बनाएर सरकारले जनताको ढाड सेक्ने प्रयास गरेको देखिन्छ । सरकारी जमिन ठूला ठूला जमिन्दारहरूको कब्जामा छ । त्यो जमिन राष्ट्रियकरण गरेर भूमिहिन किसान र सुकुम्बासी लाई बितरण गर्नुपर्दछ । सरकारले सिंचाई कुन उपक्रण अप्नाएर पहाडी जमिनहरू सिंच्ने त्यसबारेमा पनि सचेत र ठोंस योजना विना सफल हुँदैन । आज पहाडि भेगमा जमिन् बञ्जर बन्दै गएका छन् र तराईमा कृषियोग्य जमिन सबै घडेरी प्लाटिंगमा गएका छन् । यस्तो व्यवहारले भबिष्यमा अनिकाल पर्ने देखिन्छ ।

जनताले भोट दिएर सरकारको जिम्मा दिएका छन् भन्दैमा यसरी गरिबहरूको छाकबास भुट्ने र निर्दोष जनतालाई उठिबास गराएर वा असलाई खुसि पार्ने प्रयात्नमा सरकार छ ? यो देशका जनताले जान्ने अधिकार हुन्छ । आज देशका जनतालाई महंगीले सताउने र सहकारी ठगहरूको ऋण जनतालाई तिर्न वाध्य गराउने यस्तो ब्यवहार जनघात र राष्ट्रघात हो । बिगतमा सरकारी दलहरूले भ्रष्टाचार गरे, जनताको सुरक्षा गर्न सकेनन् र देशमा विदेशी चलखेल बढ्यो भन्दै सबै राजनैतिक दलहरूलाई संसदबाट निकालेर बनेको यो सरकार आज के गर्दैछ ? यसबारे पनि जनताले जान्न चाहान्छन् । सरकारले स्पष्ट पार्नुपर्छ, जनविश्वास जित्नुपर्छ ।

अहिले देशको बजेट प्रस्तूतका साथै प्रधानमन्त्रीज्यूको पहिलो पटक संसदलाई सम्बोधन गर्दा उनले दिएको अभिब्यक्तिले आज सुस्तामा भारतिय सैनिक घुसेर त्यहाँका जनतालाई आतङ्कित पार्दै छन् । के हो यो ? त्यसको नैतिक जिम्मा लिएर सीमा समस्यामा के के भइरहेको छ, के गर्न खोजिएको जनतालाई थाहा दिइएको छैन । अहिलेपनि प्रधानमन्त्रीले त्यो आफूले बोलेको किन हो ? यसको असली नियत के हो ? कतिपय उनका आसेपासेहरूले प्रधानमन्त्रीको जिब्रो फिस्लिएको भनेर उनलाई जोगाउने प्रयासमा देखिन्छन् । हिजोसम्म भारतीय मिडियाहरूले प्रधानमन्त्रीको उक्त अभिब्यक्तिलाई गलत भनेका थिए तर आज भारतका पत्रिका दैनिक भाष्करले नेपालले भारतको भूमि अतिक्रमण गरेको फ्रन्ट पेजमा लेखेको छ । प्रधानमन्त्रीको उक्त अभिव्यक्तिको परिणाम हो जो उनले संसदको रोष्टमबाट भनेका थिए 'हाम्रो जमिन भारतले मात्र मिचेको छैन भारतको जमिन नेपालले पनि मिचेको छ ।' सरकारले गर्न चाहेको सीमा समस्या समाधान हो भने के कसरी हो, भन्नुपर्ने देखिन्छ ।

यतिबेला त नागरिक समाजले प्लेकाड उठाएर देशको हितमा र सुकुम्बासीको पक्षमा सडकमा हुनुपर्ने हो । मानव अधिकार कर्मिहरू र आफूलाई कम्युनिष्ट भन्नेहरू खै सडकमा ? कविहरू बोलेकाछन्, सडकमा सुकुम्बासीको अधिकारका लागि देशको रक्षाका लागि कविताहरू वाचन हुन्छन् । भन्नलाई सरकारले सहकारी र सुकुमवासी समस्या आफ्नै कार्यकालमा समाधान गर्ने भनेको छ, विश्वास दिलाएर यस्ता विरोधलाई रोक्नुपर्ने होइन र ?

राजनीतिज्ञाहरू खै कता कुन दुलोमा पसेकाछन् । आज सुस्तामा भारतीय सैन एसएस बीको निर्देशनमा नेपाली वृद्ध योजनालाई बिफल गर्न कम्मर कसेको छ ।

अहिले आएको सरकारी बजेट कस्को भागमा कतिपर्यो भनेर अवश्य कान ठाडा परेका होलान । ऋणबाट ऋण तिरेर देश उभो लाग्दैन ऋण र अनुदानबाट देशको स्वाभिमानको रक्षा हुनसक्दैन । पहिलेको जस्तै छ अहिले पनि जनताले महंगी र देशले ऋण पाएको छ यो बजेटमा पनि । ऋण, अनुदान, रेमिट्यन्स र जनताको करबाट बनेको पूर्वधार जनताको लागि लोलिपोप मात्र हो । जसले देशको हितभन्दा विदेशको हितलाई बढि प्राथमिक्ता दिएको छ । हाम्रो देशमा ठूला ठूला उद्योग खुल्न नसंकेपनि आफ्नै आर्थिक लगानिमा ससाना कल कारखाना खोलेर ऋणबाट जोगिने साथै दक्ष युवालाई रोजगार दिने प्रयास हुनुपर्छ । विदेशी ऋण तथा अनुदानको नाममा देशको आन्तरिक सुरक्षामा आघात पुग्ने खालका कार्यहरूमा रोक लगाएर । देशलाई आत्मनिर्भर गराउने प्रयात्न गर्नुपर्छ ।

अहिलेको बजेट पनि उही पुरानै प्रकारको ऋणमा देशलाई डुबाएर विदेशीलाई चलखेल गर्न र उनिहरूको देशलाई मण्डी बनाउने साथै युवाहरूलाई निर्यात गराउने र रेमिटेन्स भित्राउने प्रकारको खाका तैयार पारेको छ । जो राष्ट्रियताको हितमा भन्दा विदेशीको हितमा हुने प्रष्ट देखिन्छ । यसकारण कसरी यो बजेटलाई देशहित, जनहितमा लागू गर्न सकिन्छ, त्यो क्षमता देखिनुपर्‍यो ।


## लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं

- घर वरपर पानी जम्न नदिऔं,
- सुत्दा अनिवार्य रूपमा झुल/मच्छरदानी प्रयोग गरौं,
- लामखुट्टेबाट बच्न पूरा शरीर ढाक्ने कपडा लगाऔं,
- घर तथा वातावरण सफा र स्वच्छ राखौं,
- झ्याल-ढोकामा जालीको प्रयोग गरौं,
- डेंगु, मलेरिया जस्ता रोगका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- फोहोर व्यवस्थापनमा ध्यान दिई लामखुट्टे बढ्न नदिऔं,
- समुदायस्तरमा सरसफाई अभियान सञ्चालन गरौं ।

सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## मौसमजन्य भाइरलबाट सुरक्षित बनौं

- मौसम परिवर्तनसँगै स्वास्थ्यमा विशेष ध्यान दिऔं,
- नियमित रूपमा साबुनपानीले हात धुने बानी बसालौं,
- भीडभाडयुक्त स्थानमा आवश्यक सावधानी अपनाऔं,
- स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना सेवन गरौं,
- खोक्दा वा हाच्छ्युँ गर्दा मुख-नाक छोपौं,
- घर तथा वरपरको वातावरण सफा र स्वाछ राखौं,
- ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं,

स्वस्थ र सुरक्षित जीवनशैलीअपनाऔं
चिकित्सकको सल्लाहबिना औषधी सेवन नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

